मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ · अंक १४७ · २०८१ साल वैशाख ०५ गते बुधबार · Wednesday 17, April 2024 · सूर्योदय: बिहान ५:३९ बजे · सूर्यास्त: साँझ ६:३० बजे · पृष्ठ ८ · मूल्य रु. ५/-

# मधेश प्रदेश सभामा तोडफोड
# जनमतको अवरोध, कांग्रेसको साथ



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
जनमत पार्टीको विरोधपछि प्रदेश सभा बैठक अन्त्य गरेर बसेको मधेश प्रदेश सरकारले मंगलबार मुख्यमन्त्रीका लागि विश्वासका मत लिने कार्यक्रम सहजसँग गर्न सकेन । यद्यपि चौथोपटक विश्वासको मत लिन खोजेका मुख्यमन्त्री सरोजकुमार यादवले कुनै बेला शतप्रतिशत मत पाएका थिए । उनै मुख्यमन्त्री यादवले मंगलबार विश्वासको मत लिन बोलाइएको प्रदेश सभा झण्डै रणसंग्राममा परिणत हुन खोज्यो ।
सतह्मा नेकपा एमालेका प्रदेश सदस्यहरु उभिए पनि यो मुख्यमन्त्री यादवप्रति असन्तुष्टि र आक्रोश थियो । त्यो आक्रोशलाई 'व्यक्तिगत' भनेर एमालेका प्रदेश सभा सदस्यहरुले प्रतिवाद गरेपछि प्रतिपक्षीमा मौन रहेको नेपाली कांग्रेस पनि उत्तेजित हुँदै नाराबाजी र रोष्ट्रम घेराउमा पुग्दा मंगलबार राति अबेरसम्म मुख्यमन्त्रीले विश्वासको मत पाउन सकेनन् ।
जनमत पार्टी र नेपाली कांग्रेसको अवरोधका बीचमा मुख्यमन्त्री सरोजकुमार यादवले विश्वासको मतको प्रस्ताव मधेश प्रदेश सभामा प्रस्तुत गरे तर विश्वासको मत पाउने वातावरण बन्न बिलम्व भयो । मधेश प्रदेश सभा बैठक शुरु हुनासाथ जनमत पार्टीका प्रदेश सभा सदस्य चन्दन सिंहले २०८० माघ ८ गते भएको घटनाका सम्बन्धमा यसअघि पनि मुख्यमन्त्री यादवले विश्वासको मत लिँदा छानबिन समिति गठन गरेर छानबिन गर्ने भने पनि त्यस्तो केही नभएको दोहोर्याए । उनले अर्थमन्त्री सञ्जयकुमार यादवमाथि समेत छानबिन समिति गठन हुँदा त्यसको प्रतिवेदन नआएको भन्दै विरोध जनाए । जनमत पार्टीका प्रदेश सभा सदस्यहरुले उठेर विरोध जनाइरहेको अवस्थामा सत्तारुढ नेकपा एमाले संसदीय दलको उपनेता दीपेन्द्र ठाकुरले महेश यादवमाथि भएको घटनामा आफू पनि दुःखी भएको तर 'व्यक्तिगत कारण'ले संसद अवरुद्ध गर्न नमिल्ने भनेपछि जनमतका सांसदहरु रोष्ट्रम अगाडि पुगेर नाराबाजीमा उत्रिए । स्थिति अरु अशान्त बन्यो ।
जनमत पार्टीका प्रदेश सभा सदस्यहरु र ठाकुरबीच चर्को भनाभन भयो । ठाकुरले आक्रोशित हुँदै आफ्नो पार्टीका प्रदेश सभा सदस्यलाई समेत उठेर प्रतिवाद गर्न भनेपछि प्रदेश सभाको बैठक अरु तनावपूर्ण बनेको थियो । ठाकुरले बोल्न थालेपछि नेपाली कांग्रेसका प्रदेश सभा सदस्यहरुले समेत प्रतिवाद गर्दै जनमत पार्टीको अवरोधमा साथ दिएपछि स्थिति अरु अप्रिय बनेको थियो ।
एमालेका ठाकुरकै कारण प्रदेश सभामा अरु पनि उत्तेजित भएका थिए । जनमत पार्टीका प्रदेश सभा सदस्यहरु समेत रोष्ट्रममा गएर अवरोध गर्न थालेपछि नेपाली कांग्रेसका प्रदेश सभा सदस्यहरुले पनि रोष्ट्रममा पुगेर अवरोध गरे ।
जनमत र एमालेका सांसदहरु एकअर्काविरुद्ध नाराबाजीमा उत्रिए । सभामुख रामचन्द्र मण्डलले बैठक १० मिनेटका लागि स्थगित गरे । जनमतको अवरोधमा नेपाली काग्रेसका सदस्यहरुले समेत साथ दिएपछि प्रदेश सभाको दृश्य हेर्न लायकको थियो । १० मिनेटका लागि स्थगित भएको बैठक करिब पाँच घण्टापछि शुरु भयो ।
प्रदेशसभा बैठकमा सभामुख रामचन्द्र मण्डलले मुख्यमन्त्री सरोजकुमार यादवलाई विश्वासको मत लिन प्रस्ताव पेश गर्न अनुमति दिएपछि जनमत पार्टीका सांसदले नाराबाजी गर्दै अवरोध गर्न थाले ।
अवरोधबीच सभामुखले मुख्यमन्त्रीलाई प्रस्ताव प्रस्तुत गर्न अनुमति दिएपछि जनमत पार्टीका प्रदेश सभा सदस्य र नेपाली कांग्रेसका प्रदेश सभा सदस्य रोष्ट्रममा पुगेर नाराबाजी अरु चर्को पार्न लागे । सभामुख मण्डलले मुख्यमन्त्री यादवले जनमत पार्टीको मागप्रति सकारात्मक रहेको र प्रदेश मामिला समितिमार्फत छानबिन गर्न चाहेको बताएपछि जनमतले संसदीय छानबिन समिति बनाउनुपर्ने माग रहेको बताएर अवरोध कायम गरे ।
सभामुख मण्डलले विरोधबीच प्रस्ताव पेश गर्न अनुमति दिएपछि सांसदहरुले नाराबाजी जारी राखे । उनीहरुले 'संसदीय छानबिन समिति गठन गर, शक्ति दुरुपयोग गर्न पाउँदैन' लगायतका नारा लगाउँदै नाराबाजी गरे । मुख्यमन्त्री यादवले प्रस्ताव पेश गर्न लाग्दा सांसदहरुले माइक खोस्न थालेपछि मर्यादापालक र सांसदहरुबीच घम्साघम्सीसमेत भयो । सभामुखका अगाडि रहेको माइकका तारहरु चुँडिए । करिब डेढ महिनापछि बोलाइएको बैठकमा मुख्यमन्त्री यादवले विश्वासको मत लिनुपर्ने रहेकामा २०८० माघ ८ गते सप्तरीमा भएको घटनामा मुख्यमन्त्रीले माफी नमागेसम्म बैठक चल्न नदिने अडान लिएका कारण बैठक अवरुद्ध भएको हो । यसअघि फागुन १५ गते बोलाइएको प्रदेशसभा बैठकमा समेत जनमतका सांसदहरुले अवरोध गरेपछि बैठक अनिश्चितकालका लागि स्थगित भएको थियो । माघ ८ गते सप्तरीको राजविराजमा मधेश कृषि विश्वविद्यालय शिलान्यास कार्यक्रममा जनमत पार्टीले विरोध गरेपछि प्रहरीले लाठीचार्ज गरेको थियो । प्रहरीको लाठी चार्जबाट मधेश सरकारका तत्कालीन शिक्षा तथा संस्कृतिमन्त्री महेश यादवको टाउको फुटेको थियो भने केही प्रदेशसभा सदस्यलाई समेत चोट लागेको थियो ।
जनमतका सांसदले मुख्यमन्त्रीको निर्देशनमा आफूहरुमाथि कुटपिट भएको भन्दै सरकार छाडेका थिएभने त्यसयता बैठक अवरुद्ध गर्दै आएका छन् । जनमतले छानबिनको माग गर्दा एमालेका नेताहरुले घटना व्यक्तिगत भनेपछि स्थिति अशान्त बनेको हो । जनमतका सदस्यहरुलाई कांग्रेसका सदस्यहरुले साथ दिएका हुन् ।

# गहवामाइको डोली यात्रा



**मधेशदृष्टि**
**वीरगंज ।**
चैते दशैं तथा महाअष्टमी पर्वको अवसर पारेर मंगलबार अपरान्ह देशकै प्रमुख शक्तिपीठमध्ये एक वीरगंजको गहवामाइको निशानसहितको प्रथम डोली यात्रा निकालिएको छ । गहवामाइ मन्दिर सञ्चालक समिति अध्यक्ष नरेन्द्र कुमार शाहको नेतृत्वमा अपरान्ह ४ बजे मन्दिर परिसरबाट डोली यात्रा शुरु भएको हो ।
यसअघि मंगलबार दिउँसो २ बजे डोलाको विधिवत रुपमा पूजाआजा गरिएको थियो । डोली यात्रा गहवामाइ मन्दिरबाट शुभारम्भ भई वीरगंजको २ नम्बर रोडबाट हुँदै गणेशमान चोक, बिर्तामाई मन्दिर, अलखिया मठ, महावीर मन्दिर, घन्टाघर हुँदै पुनः गहवामाइ मन्दिर प्राङ्गण पुगेर समापन भएको हो । डोली यात्रामा वीरगंजसहित बारा, पर्साका हजारौँ भक्तजनको सहभागिता थियो ।
यता, चैत्र शुक्लअष्टमी अर्थात् मंगलबार नै चैतेदशैँ । शक्तिस्वरूपा भगवतीको आराधना गरी मनाइएको छ । चैत्र शुक्लपक्षलाई 'वासन्ती नवरात्र' पनि भनिन्छ । शारदीय नवरात्रमा जस्तै ९ दिनसम्म देवीको उपासना गर्ने परम्परा छ । नवरात्रको पूरै विधि नगर्नेले भने अष्टमीमा देवीको आराधना गर्छन् । वर्षमा चारवटा नवरात्र हुने भए पनि शारदीय र वासन्ती नवरात्रको महत्व रहेको धर्मशास्त्री बताउँछन् ।
चैते दशैँसमेत भनिने यस पर्वमा दुर्गा भवानीको विशेष उपासना गरिन्छ । आश्विन शुक्ल पक्षमा पर्ने दशैँ अर्थात् बडादशैँ जति भव्यरुपमा नमनाइए पनि चैते दशैँमा देशभरका शक्तिपीठमा भक्तजनको भीड लाग्ने गर्छ । वैदिक सनातन धर्मावलम्बीले घरघरमा शक्तिको उपासना स्वरुप देवीको पूजाआजा गर्नुका साथै देवीभागवत, दुर्गा सप्तशती चण्डी, देवी स्तोत्रलगायत देवीको महिमा गाइएको ग्रन्थपाठ गरिन्छ । चैतेदशैँका अवसरमा देवीभागवत तथा चण्डी पाठ गर्ने र शक्तिपीठमा दर्शन गर्न जाने परम्परा छ । नवरात्रमा शक्तिपीठमा पशुबलीसहित पूजा गर्ने विधान छ । मंगलबार वीरगंजको गहवा माई, विन्दवासिनी माइ, बाराको गढीमाइ, हेटौँडाको चुरियामाईलगायतका शक्तिपीठहरुमा भक्तजनको भीड लागेको छ ।

# बहिष्कारका बीच मुख्यमन्त्रीलाई विश्वासको मत



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सम्पूर्ण विपक्षी दलहरुको बहिष्कार सामना गर्दै मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले मधेश प्रदेश सभाबाट मंगलबार राति विश्वासको मत पाएका छन् । विपक्षी दलहरुको बहिष्कारबीच भएको मतविभाजनमा मुख्यमन्त्री यादवका पक्षमा ६१ जनाले मतदान गरे । प्रस्तावको विपक्षमा शून्य मत परेको थियो भने प्रदेश सभाको मतदानक्रममा उपस्थित प्रदेश सभा सदस्यहरुको संख्या ६१ रहेको सभामुख रामचन्द्र मण्डलले जानकारी दिए । प्रदेश सभाको बैठक अनिश्चितकालका लागि स्थगित भएको छ ।
बैठक शुरुहुना साथ जनमत पार्टीका प्रदेश सभा सदस्यहरुले रोष्ट्रममा पुगेर विरोध जनाउन थालेपछि सभामुख मण्डलले मर्यादापालकलाई जनमत पार्टीका संसदीय दलका नेता महेश यादवलाई प्रदेश सभाबाट निकाल्न भनेपछि जनमत पार्टीका प्रदेश सभा सदस्यहरुले बैठक बहिष्कार गर्दै बाहिरिएका थिए ।
त्यसैगरी जनमत पार्टीका प्रदेश सभा सदस्यहरुले बहिष्कार गरेपछि नेपाली कांग्रेसका प्रदेश सभा सदस्यहरुले समेत बैठक बहिष्कार गर्दै बाहिरिएका थिए । बैठकमा बोल्दै लोसपाका प्रदेश सभा सदस्य उपेन्द्र महतोले विपक्षीविहीन संसद बनाएर संसद चलाउन नहुने भन्दै उनले लोसपाले समेत बैठकमा सहभागिता नजाउने र सरकारलाई दिएको समर्थन फिर्ता लिँदै बैठक बहिष्कार गरेको बताएका थिए ।

# चार लाखको तोडफोड



मधेश प्रदेश सभाको विश्वासको मत लिने क्रममा जनमत पार्टीका प्रदेश सभा सदस्यहरुले गरेको तोडफोडबाट करिब चार लाख रुपैयाँको क्षति भएको सभामुख रामचन्द्र मण्डलले जानकारी दिए ।
उनले तेश्रो पटक स्थगित भएको बैठक सुरु हुनासाथ जनमतले फेरि प्रदेश सभा सदस्यले अवरोध गर्न थालेपछि महेश यादवलाई प्रदेश सभाको बैठकबाट निकाल्न सभामुखले आदेश दिएका थिए । उनले सो क्रममा तपाईंहरुको माग समबेधन हुँदासमेत तपाईंहरुले तोडफोड गर्नु भएको छ । त्यो तपाईंहरुबाट नै भराइने छ । करिब चार लाख रुपैयाँको तोडफोड गर्नु भएको भन्ने प्रदेश सभामा सभामुख मण्डलले जानकारी दिए । उनले सिसिटिभी क्यामेरासहित केही सामान तोडफोड गरिएको बताए ।

# लोसपा प्रदेश सरकारबाट बाहिरियो

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) मधेश प्रदेश सरकारबाट फिर्ता भएको छ । पार्टीको संसदीय दलको बैठकले सरकारबाट बाहिरिँदै सरकारलाई दिएको समर्थन फिर्ता गर्ने निर्णय गरेको हो । संसदीय दलको निर्णयसँगै लोसपाबाट मन्त्री रहेका वन तथा वातावरण मन्त्री रमेश पटेलले पदबाट राजीनामा दिए । उनले दिएको राजीनामा स्वीकृत गरिएको छ । सरकारको 'पर्फर्मेन्स' राम्रो नभएकाले आफूहरूले मुख्यमन्त्री यादवलाई विश्वासको मत नदिने अवस्था बनेको र सरकारबाट समेत फिर्ता आउने निर्णय गरिएको लोसपा मधेश प्रदेशका अध्यक्ष जितेन्द्र सोनलले जानकारी दिए । लोसपाका सांसद उपेन्द्र महतोले प्रदेश सरकारको कामबाट सन्तुष्ट नरहेकाले आफूहरु सरकारबाट बाहिरिएको जानकारी दिए । यता, प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले खाली भएको मन्त्रालयको जिम्मा मुख्यमन्त्री यादवलाई नै दिइन् । नेपालको संविधानको धारा १६८ को उपधारा ९९० बमोजिम कार्य जिम्मेवारी र कार्य विभाजनसहित मन्त्रिपरिषद् पुनर्गठन गरेको प्रदेश प्रमुखको कार्यालयका निमित्त सचिव शत्रुधन यादवले जानकारी दिए ।

# काठ चोरीको आरोप लागेका असईको जिम्मेवारी खोसियो



**सञ्जय मिश्रा**
**रौतहट ।**
रौतहट स्थित एउटा प्रहरी चौकीका प्रमुख असईमाथी काठ चोरीको आरोप लागेपछि उनको जिम्मेवारी खोसिएर छानबिन समिति गठन गरिएको छ ।

जिल्लाको चन्द्रपुर नगरपालिका वडा नम्बर ८ स्थित प्रहरी चौकी सन्तपुरमा कार्यरत रहेका असई दीनानाथ प्रसाद यादवलाई अनुसन्धानको लागि प्रहरी चौकीको जिम्मेवारी खोसिदै जिल्ला प्रहरी कार्यालयमा तानीएको छ ।

असई यादवमाथि साझा संस्थाको भत्काइएको पुरानो भवनको काठ हिनामिना गरेको आरोप लागेको छ । उनले सर्वसाधारणलाइ विभिन्न बाहाना बनाएर दुःख दिने गरेको समेत आरोप लागेको छ । वडा नम्बर ८ का अध्यक्ष जितेन्द्र चौधरीका अनुसार प्रहरी चौकी कम्पाउन्डमा राखिएको चिरान सालको काठ मध्ये करीब १ दर्जन सालको चिरान काठ सस्तिर गायब भएको छ । असई यादवले उक्त काठको फर्निचर बनाएर आफ्नो घर लागेको स्थानीयहरुले आरोप छ ।

घटनाको छानबिन तथा असईमाथि कारवाहीको माग गर्दै सोमवार बिहान स्थानियहरुले केही समय प्रहरी चौकी सन्तपुर घेराउ गरेका थिए । जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीले तत्कालका लागि असई यादवलाई जिल्ला बोलाइएको जानकारी दिइन् । घटनाको अनुसन्धानका लागि इन्स्पेक्टर गायत्री राज शर्माको अध्यक्षतामा तीन सदस्यीय छानबिन टोली बनाई प्रक्रिया अगाडी बढाइएको प्रवक्ता गिरीले बताइन् । उता आरोपी असई यादवले आरोपको खण्डन गर्दै केही मानिसले षड्यन्त्र गरेर आफूलाई फसाउन खोजेको प्रतिक्रिया दिएका छन् ।

# मुख्यमन्त्रीमा दाबी पेश गर्न दोस्रो पटक आह्वान




**रासस**
**सुदूरपश्चिम ।**
सुदूरपश्चिम प्रदेशका प्रमुख निजर मियाँले नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेशको मुख्यमन्त्रीमा नियुक्तिका लागि दाबी पेश गर्न मंगलबार पुनःआह्वान गरेका छन् ।

प्रदेश प्रमुखको कार्यालयद्वारा जारी विज्ञप्तिमा प्रदेश प्रमुखले गत चैत २३ गते मुख्यमन्त्रीमा दाबी पेश गरेका आह्वानअनुसार नागरिक उन्मुक्ति पार्टीका दुई जना प्रदेशसभा सदस्यबाट दाबी पेश हुँदा दुवैको दाबीको आधारमा निष्कर्षमा पुग्न नसकिएको उल्लेख छ । विज्ञप्तिमा नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेशसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्नसक्ने प्रदेशसभा सदस्यलाई प्रदेशको मुख्यमन्त्रीमा नियुक्ति गर्नका लागि स्पष्ट दाबीसहित विसं २०८१ वैशाख ६ गते अपराह्न ५ बजेभित्र दाबी पेश गर्न आह्वान गरेको उल्लेख छ ।

प्रदेश प्रमुखको आह्वान गर्नुअघि मंगलबार नै नेकपा (एकीकृत समाजवादी) पार्टीले नागरिक उन्मुक्ति पार्टीका प्रदेश सभा सदस्य लक्ष्मणकिशोर चौधरीलाई प्रदेशको मुख्यमन्त्री नियुक्तिका लागि दिएको समर्थन फिर्ता लिएको थियो । तीन दिनअघि मात्रै एकीकृत समाजवादी, नेपाली कांग्रेस र राप्रपाका प्रदेशसभा सदस्यको समर्थनमा नाउपाका प्रदेश सभा सदस्य लक्ष्मणकिशोर चौधरीले मुख्यमन्त्रीमा दाबी पेश गरेका थिए ।

सोही दिन नाउपाकै कैलाश चौधरीले केन्द्रीय गठबन्धन अनुसार नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) र एक स्वतन्त्र सदस्यको समर्थनमा मुख्यमन्त्रीमा दाबी पेश गरेका थिए । लक्ष्मणकिशोर नाउपाका संस्थापक संरक्षक रेशमलाल चौधरी पक्षधर र कैलाश चौधरी अध्यक्ष रञ्जिता पक्षधर रहेको बताइएको छ । संस्थापक संरक्षक रेशमका पक्षमा पाँच र अध्यक्ष रञ्जिताका पक्षमा दुई प्रदेशसभा सदस्य रहेको सो पार्टीका कार्यकर्ताले बताउँदै आएका छन् ।

मुख्यमन्त्री नियुक्तिका लागि एउटै पार्टीबाट दुई जनाको छुट्टाछुट्टै दाबी पेश भएपछि प्रदेश प्रमुख नजिर मियाँले कानुनी परामर्श गरिरहेका थिए ।

गत चैत २३ गते प्रदेश प्रमुखले संविधानको धारा १६८ को उपधार (२) बमोजिम विसं २०८१ वैशाख २ गते अपराह्न ५ बजे सम्मको समय सीमा तोकेर दुई वा दुई भन्दाबढी दलको समर्थनमा बहुमत जुटाउन सक्ने प्रदेशसभा सदस्यलाई मुख्यमन्त्रीमा दाबी पेश गर्न आह्वान गरेका थिए ।

नाउपाका प्रदेशसभा सदस्य दुई समूहमा विभाजित हुँदा चार प्रदेशसभा सदस्य रहेको एकीकृत समाजवादी सरकार गठनमा निर्णायक बनेको छ । फलस्वरुप समाजवादीले केन्द्रीय गठबन्धन विपरीत प्रदेश तहमा नेपाली कांग्रेस, नाउपाको रेशम पक्ष र राप्रपासँग मिलेर सत्ता समीकरणको प्रयास थालेको थियो ।

सुदूरपश्चिम प्रदेशसभामा चौथो ठूलो शक्ति नाउपामा उत्पन्न आन्तरिक किचलो साम्य हुने सङ्केत नदेखिएको सो पार्टीका कार्यकर्ता बतउँछन् । आन्तरिक किचलोका बीच अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरी प्रदेशसभा नाउपा संसदीय दलका नेता घनश्याम चौधरीलाई दलको नेताबाट हटाएर कैलाश चौधरीलाई जिम्मेवारी तोकेका थिए ।

अध्यक्ष श्रेष्ठले सोही पार्टीको समानुपातिक कोटाबाट निर्वाचित सदस्य ईन्दिरा गिरीलाई फिर्ता बोलाइएको पत्र प्रदेशसभा सचिवालयमा पठाएकी थिइन् । अदालतले इन्दिरा गिरीलाई पुनरवहाली गरेको थियो ।

मुख्यमन्त्री नियुक्तिका लागि २७ सदस्यको समर्थन चाहिन्छ । त्रिपन्न सदस्यीय सुदूरपश्चिम प्रदेशसभामा नेपाली कांग्रेसका १८, नेकपा (माओवादी केन्द्र) का सभामुखसहित ११, नेकपा (एमाले) का १०, नागरिक उन्मुक्तिका सात, नेकपा (एकीकृत समाजवादी) का चार, राप्रपाका एक र एक स्वतन्त्र सदस्य छन् । रिक्त रहेको एक पदमा यही वैशाख १५ गते उपचिर्वाचन हुँदैछ ।

# कर्मचारीको हेलचेक्र्याइँले काठ तस्करी बढ्यो

**मधेशदृष्टि**
**रौतहट ।**
डिभिजन वन कार्यालयका कर्मचारीको हेलचेक्र्याइँका कारण रौतहटको वनमा पछिल्लो समय व्यापक रूपमा बहुमूल्य जातका हरिया सालका रुख काटिने क्रम बढ्दै जान थालेको छ । वन कर्मचारीले नियमित रूपमा गस्ती नगर्नु र कर्मचारी नै काठ तस्करसँग मिल्नुले रौतहटको राष्ट्रिय तथा साझेदारी वनमा चोरी तस्करी बढेको स्थानीयले बताएका छन् ।

डिभिजन वन कार्यालय रौतहटमातहतका सब वन डिभिजन कार्यालयमा कार्यरत रहनुपर्ने वन कर्मचारी गस्ती गर्न छाडेर घर जान थालेपछि रौतहटको बलेरी वनबाट सर्लाही र रौतहटकै काठ तस्कर समूहले दिउँसो रुख काटने र रातिको समयमा लाने गरेको स्थानीय बासिन्दाको भनाइ छ । डिभिजन वन कार्यालय रौतहटमा कार्यरत रहेका करिब दुई सय वन कर्मचारीमा ९० प्रतिशत वन कर्मचारी रौतहटकै भएका कारणसमेत वनमा चोरी तस्करी बढेको सन्तपुरका स्थानीय बासिन्दा विनोद चौधरीले बताए ।

पछिल्लो समय आएर रौतहटको वनमा कार्यालय प्रमुखदेखि कार्यालय सहयोगीसम्म रौतहटकै स्थानीय छन् । रौतहट जिल्लामा धेरै काठ चोरी हुने वृन्दावन सब वन डिभिजन कार्यालयमातहतको जंगल क्षेत्र हो । सो भेगको जंगलबाट वन कर्मचारीकै मिलेमतोमा सर्लाही र रौतहटका काठ चोर तस्कर समूहले बहुमूल्य जातका सखुवाका काठ काटेर लाने गरेको स्थानीयले बताएका छन् ।

# शैक्षिक सुधारको लागि आजपाले आन्दोलन गर्ने



**मधेशदृष्टि**
**रौतहट ।**
पूर्व मन्त्री प्रभु साह नेतृत्वको आम जनता पार्टीको क्षेत्रिय भेला मंगलवार रौतहटको कटहरियामा सम्पन्न भएको छ । रौतहट निर्वाचन क्षेत्र नम्बर ३ को उक्त भेलाले आजपाको संगठन बिस्तारसंगै रौतहटको शैक्षिक सुधारका लागि निर्णायक संघर्ष गर्ने निर्णय गरेको छ । विद्यालयमा विद्यार्थीको अनुपातमा शिक्षक दरबन्दीको लागि संघर्ष गर्ने तथा विद्यालयभन्दा बाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा ल्याउन भर्ना अभियान र निरक्षरता हटाउन साक्षरता अभियान सञ्चालन गर्ने लगायतका शैक्षिक सुधारका विभिन्न कार्यक्रमहरु तय गरेको छ ।

पार्टी अध्यक्ष प्रभु साहको प्रमुख आतिथ्तामा कटहरिया स्थित तराई मधेश जनयुद्द सहिद प्रतिष्ठानको सभाहलमा सम्पन्न भेलामा पार्टी महासचिव मनोज यादव, पूर्व सांसद समिना हुसैन, जिल्ला इन्चार्ज त्रिभुवन साह, जिल्ला अध्यक्ष धर्मेन्द्र पटेल, कटहरियाका पूर्व मेयर सियाराम कुशवाहा, आईटी आर्मीका नरेश तुरहा अन्जित कुशवाहा, लगायत नेता कार्यकर्ताको सहभागिता थियो ।

# आठ लाखभन्दा बढीलाई हात्तीपाइलेबिरुद्धको औषधि खुवाइने



**रासस**
**सर्लाही ।**
सर्लाहीमा आठ लाखभन्दा बढीलाई हात्तीपाइलेविरुद्धको औषधि खुवाइने भएको छ । मंगलबार स्वास्थ्य कार्यालय सर्लाहीमा आयोजित हात्तीपाइले रोगविरुद्धको औषधि सेवन अभियानको जिल्लास्तरीय अन्तरक्रियामा उक्त जानकारी दिइएको हो । जिल्लाभरिबाट दुई वर्ष उमेर समूहभन्दा माथिका आठ लाख २४ हजार छ सय ७१ जनालाई हात्तीपाइलेविरुद्धको औषधि सेवन गराउन लागिएको कार्यालय प्रमुख डा नवलकिशोर झाले जानकारी दिए । राष्ट्रव्यापी कार्यक्रमअन्तर्गत यही वैशाख १६ गतेबाट २९ गतेसम्म अभियान सञ्चालन गरिने भएको छ । अभियानमा पाँच सय २५ जना स्वास्थ्यकर्मी र एक हजार तीन सय २६ जना महिला स्वास्थ्य स्वयमसेवीका गाउँगाउँमा परिचालन गरिने स्वास्थ्य कार्यालयले जनाएको छ । स्वास्थ्य कार्यालय सर्लाहीका अनुसार गतवर्ष पनि यस जिल्लामा सात लाख ६२ हजार छ सय ८४ जनालाई हात्तीपालेविरुद्धको औषधि खुवाइएको थियो । गर्भवती, सात दिनसम्मका सुत्केरी, गम्भीर किसिमका बिमारीलगायतले भने यो औषधि सेवन गर्न नहुने डा झाको भनाइ छ ।

हात्तीपाइले रोगबाट बच्न अन्य सबैले अनिवार्य रुपमा औषधि सेवन गर्नुपर्ने उनको भनाइ छ ।

औषधि सेवनका क्रममा जिल्लामा अहिलेसम्म कुनै किसिमको गम्भीर समस्या नदेखिएकाले निर्धक्क भएर अभियानमा सहभागी भई औषधि सेवन गर्न सबैमा स्वास्थ्य कार्यलय सर्लाहीले आग्रह गरेको छ । जिल्लाका शतप्रतिशतलाई औषधि खुवाउने लक्ष्य रहेको स्वास्थ्य कार्यालय सर्लाहीले जनाएको

हो । यो अभियानअन्तर्गत देशभरीका सात जिल्लामा औषधि खुवाउन लागिएको हो । त्यसमध्ये मधेसमा सर्लाहीसहित चार जिल्लामा यो अभियान सञ्चालन गरिएको छ ।

# २४ लाख बढीको अवैध सामान बरामद

**मधेशदृष्टि**
**रौहतट ।**
प्रहरीको गस्ती टोलीले रौतहटका विभिन्न नाकाबाट २४ लाख रुपैयाँ भन्दा बढीको अवैध सामान बरामद गरेको छ । गत चैत २४ गतेदेखि बैशाख ३ गतेसम्म २४ लाख ४५ हजार ५५६ रुपैयाँ बराबरको अवैध भारतीय सामान बरामद गरेको हो । भारतीय बजारबाट भन्सार छलेर ल्याइरहेको उक्त मूल्य बाराबरको लताकपडा, किराना खाद्यन्न, पशु चौपाया र वनबाट ल्याएको अवैध काठ प्रहरीले कबरामद गरेको जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीले जानकारी दिइन् । उनका अनुसार बरामद सामान सवारीसाधन सहित आवश्यक कारबाहीको लागि जिल्ला भन्सार कार्यालय गौरमा बुझाइएको छ ।

त्यस्तै, बारा प्रहरीले ६५ हजार मूल्यका भन्सार छलीका सामान नियन्त्रणमा लिएको छ । जिल्लाका फरकफरक स्थानहरुमा प्रहरी चलाएको जाँच अभियानका क्रममा उक्त मूल्यका सामानहरु बरामद भएको प्रहरी प्रवक्ता डिएसपी दधिराम न्यौपानेले जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको टोलीले जिल्लाको विभिन्न स्थानबाट भारतीय चप्पल, पाउडर दुध, मिट मसला, लगायतको सामान बरामद गरेको प्रवक्ता न्यौपानेले बताए । बरामद गरिएका सामान थप कारवाहीका लागि वीरगंज भन्सारमा बुझाइएको जनाएको छ ।

# सुशासन र विकास पार्टीको ‘एजेण्डा’ हुनुपर्छः थापा

**रासस**
**सुदूरपश्चिम ।**
नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले विकास र सुशासन पार्टीको मुख्य ‘एजेण्डा’ हुनुपर्ने बताएका छन् । ‘समुदायमा कांग्रेस संवाद कार्यक्रम’का क्रममा मंगलबार धनगढीमा अयोजित कार्यक्रमा महामन्त्री थापाले विकासका सावलमा दलहरुबीच राष्ट्रिय बहस छलफल गरी साझा धारणा बनाउन, भ्रष्टाचार निर्मूल गर्न र कानुनी शासनलगायतका मुद्दामा कांग्रेसले नेतृत्व गर्नुपर्ने बताएका हुन् ।

पार्टीको एजेण्डा २०८४ का लागि नभइ अहिले देखिएका यावत समस्याको समाधानका लागि हुनुपर्ने बताउँदै उनले भने, ‘वर्ष २०८१ लाई पार्टी शुद्धीकरण र पुनःजागरणको वर्ष बनाउनुपर्छ, एकवर्ष कांग्रेसले सिंहदरबार, बालुबाटार नहेरी राष्ट्रका मुख्य–मुख्य समस्या समाधान खोज्न पहल गर्नुपर्ने बेला आएको छ ।’ पार्टीको भविष्यको नीति योजना बनाउनका लागि संवाद यात्रामा आएका सुझावले टेवा पुर्याउने उनले बताए । पार्टी सञ्चालन प्रक्रिया त्रुटिपूर्ण हुँदा पार्टीमा गुट उपगुटको समस्या देखिएको भन्दै उनले गुटबन्दीविरुद्ध उपचार खोज्ने बेला आएको बताए ।

## सखुवा प्रसौनी गाँउपालिकाको कार्यालय
## सखुवा प्रसौनी, पर्सा
## आर्थिक प्रस्ताब खोल्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१/०१/०५

यस कार्यालयबाट मिति २०८०/११/१६गतेको नागरिक दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित सूचना अनुसार e-bidding मार्फत दाखिला हुन आएका बोलपत्रहरु मध्ये सारभूत रुपमा प्रभावग्राही तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राबिधिक प्रस्ताब छनौट भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ङ(५) अनुसार आर्थिक प्रस्ताब खोलि मुल्यांकन प्रयोजनार्थ सम्बिन्धित बोलपत्रदाताहरुलाई उपस्थितिको लागि सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का नं. र नाम | प्राबिधिक पक्षमा सारभूत रुपमा प्रभावग्राही सफल बोलपत्रदाताको नाम र ठेगाना | आर्थिक प्रस्ताब खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|
| १ | SPRM/NCB/WORKS/04/2080-081 (Construction of Multi-purpose building for health sector) | • Archana/Sumit JV, Birgunj-13, Parsa<br>• Shrestha/ BatukBhairab JV, Birgunj-27, Parsa<br>• Shristi/ Bikash JV, Birgunj-14, Parsa<br>• BinodSah/ Shahu/ Bahudarmai JV, Bahudarmai-3, Parsa<br>• Banshakti/ Om/ Sushim JV, Birgunj, Parsa<br>• Dwivedi/ Nitu/ Gobind JV, Bhedihari-2, Parsa<br>• Sneha/ Bandevi JV, Auraha-4, Parsa<br>• | सखुवा प्रसौनी गाँउपालिकाको कार्यालय<br>सखुवा प्रसौनी, पर्सा<br>२०८१/०१/१२<br>दिनको१:००बजे |

प्रमुख प्रशासकिय अधिकृत

# रामनवमी महामहोत्सव; रामको शासनकाल



**राघवेन्द्र साह**

हिन्दू संस्कृतिमा हरेक दिनको आआफ्नै महत्व रहे पनि मर्यादा पुरुषोत्तम भगवान श्रीरामचन्द्रको जन्म दिन आज वैशाख ५ गते बुधबार शुक्ल नवमी तिथि हरेक हिन्दूका लागि सबभन्दा महत्वपूर्ण त्योहार हो । त्यसैले लाखौँ नरनारी रामनवमीको दिन व्रत बसेर आत्मशुद्धि र मोक्ष प्राप्तिका लागि भगवान श्रीरामको पूजा अर्चना गर्दछन् ।

सम्पूर्ण आर्यावर्तको राम मन्दिरहरुमा लाखौँको संख्यामा यात्रीको भीड रहे पनि प्राचीन मिथिला र अहिलेको मधेशको राजधानी जनकपुरधामको राममन्दिरको आफ्नै विशिष्ट स्थान रहेकाले रामनवमीको अवसरमा स्थानीय रत्नसागरलगायत पवित्र सरोवरमा स्नान गरेर रामजानकी मन्दिरहरुमा ठूलो संख्यामा पुग्ने गरेका भए पनि अचेल यातायातको बढी सुविधा हुन गएकाले रामनवमीको अवसरमा एक दिन मात्र ठूलो भीड हुन्छ । अर्धशताब्दी पूर्वसम्म मार्ग शुक्ल पञ्चमीमा विवाहपञ्चमी मेला र चैत्र शुक्लनवमी रामनवमीको अवसरमा तिरहुतिया गाछीमा ठूलो मेला लाग्दथ्यो र लाखौँको भीड हुने गर्दथ्यो । किनभने आवागमनको असुविधाले धनुषा, महोत्तरी र सर्लाहीका मात्र होइन कि सिन्धुली, रामेछाप, उदयपुर र ओखलढुंगासम्मका मानिस ठूलो संख्यामा पुग्थे ।

जनकपुरधाममा अनेक मठमन्दिर रहे पनि राममन्दिर सबभन्दा प्राचीन छ । परम्परागत भनाईअनुसार त्रेता युगमा मर्यादा पुरुषोत्तम श्रीराम र जनकनन्दनी जानकी (सीता)को विवाहपछि सीताराम अयोध्या जान लाग्दा राजर्षि जनकले पुत्रीमोहमा निकै दुःखी हुँदा मर्यादा पुरुषोत्तमले विश्वकर्माजीलाई राममन्दिर बनाउन लगाएका थिए । जहाँ पलक उठाउँदामै उनका साक्षात् दर्शन उहाँले गर्नु हुन्थ्यो ।

मन्दिरमा तीन वटा मूर्ति छन् । प्रथम सीतासहित भगवान श्रीराम चारै भाई गरी पाँचजनाको पञ्चायतन मूर्ति, दोश्रो लक्ष्मी नारायण र तेश्रो दशावतारको तीन प्रमुख मूर्ति छन् । त्यसका साथै दोश्रो पंक्तिको उत्तरतिर बद्रीनारायण र दक्षिणतिर महामायाको मूर्ति छन् । प्राचीन राममन्दिर कालक्रमेन ध्वस्त भइसकेपछि त्यहाँ वटवृक्ष उम्रेर विशाल बन्न गएको थियो । भारतको उत्तराखण्डको बद्रिका आश्रमका जगतगुरु शंकर स्वामीका तेश्रो शिष्य आनन्द गिरिका शिष्य दुर्गानाथ गिरिका शिष्य चतुर्भुजनाथ गिरिलाई मिथिला दर्शनको विचार जागृत भएपछि उहाँ सन् १४०८ ई. को महाभूकम्पले खण्डहर भइसकेको जनकपुरधाम पुगेर धनुष सागरमा स्नान गरी वटवृक्ष तल सुतेका थिए । उहाँलाई भगवान श्रीरामले दर्शन दिनु भई त्यहीँ उनको मूर्ति पुरिएकाले त्यसलाई उत्खनन् गरी पूजा अर्चना गरे मानिसको मनोरथ पूरा हुने वचन दिनु भएको थियो । महात्मा चतुर्भुजनाथ गिरिले भोलिपल्ट त्यहाँ उत्खनन् गर्दा तीनवटा मूर्ति भेट्टाएका थिए । जसमध्ये प्रथम सीताराम चारै भाईसमेतको पञ्चायतन मूर्ति, लक्ष्मीनारायण र भगवानको दशावतार रहेको थियो । सिद्ध सन्तले मूर्ति भेटाएपछि पूजा केले गर्ने अप्ठयारो पर्नेछ भन्ने विचार्दैमा जंगलमा गाई चराउने ग्वालाहरुले चामल र गुड छ, त्यसले पूजा गर्नुहोस् भने पछि उहाँले पूजा आरम्भ गर्नु भएको थियो ।

सिद्ध महात्माको पूजनले टाढाका मानिस पुग्न थालेकाले पछि मकनवानपुरका सेनवंशीय राजा मानेक सेनले अष्टदलमा चौध सय बिघा जग्गा प्रदान गर्नु भएको थियो । जसलाई पछि राजा हेमकर्ण सेनले बढाएका थिए । त्यो हिजेरी सन् १११४ मा प्रदान गरिएको थियो । शाहकालीन प्रताप सिंह शाहको शासनकालमा १८३१ सालमा महन्थ रेवा गिरिलाई सेन राजाबाट प्रदान गरिएको जग्गाको सम्पुष्टि गरिएको थियो । त्यस बेलासम्म मिथिलाका नागरिक शाहवंशीय राजालाई स्वीकार गर्न नसकेर कर तिर्दैन थिए । त्यसैले रणबहादुर शाहको शासनकालमा सेनापति अमरसिंह थापाले राममन्दिर पुनर्निर्माणका लागि जनताबाट रकम उठाएर १८३९ साल फागुण कृष्ण द्वितीया बुधबारका दिन पूजा अर्चना आरम्भ भएको थियो ।

राममन्दिरको महन्थको परम्परामा चतुर्भुज गिरिपछि रवा गिरि, अम्बर गिरि, अभिलाख गिरि, वसन्त गिरि, विशेश्वर गिरि, ईश्वर गिरि, रामलोचन गिरि, रमानन्द गिरि, विश्वनाथ गिरि, अमर गिरि, सन्झा गिरि हुँदै अहिले राम गिरि महन्थ । विशेश्वर गिरिको समय राममन्दिरले निकै प्रसिद्धि पाएको थियो । उहाँले काठमाडौँबाट मिथिला महात्मय र जनकपुरस्य तीर्थादी दुई वटा पुस्तक १९५८ मा प्रकाशित गराएर भारतीय तीर्थस्थलमा दूत पठाएर प्रचारप्रसार गर्दा यात्रीको संख्या बढ्न थाल्यो तर उनले राणाकालमा ल्याउन खोजेको धार्मिक जागरणले भयभित सत्ताधारीले उनलाई सहन गर्न नसकेर पक्राउ गर्ने सुनेपछि पूजापाठ गर्नुको सट्टा कहाँ प्रशासनिक कोपभाजन बन्ने भनेर मन्दिर छाडेर बद्रिकाश्रम लाग्नु भएका थियो ।

१५ वर्षपूर्व २०६६ सालमा रामनवमीको अवसरमा पहिलोपटक पुगेका नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवले दर्शनपछि मन्दिरको अवस्था जानकारी गर्दा चुहिरहेको थाहा पाएर प्रधानमन्त्री र सरकारका अन्य मन्त्रीलाई भनेपछि त्यसको पुनर्निर्माण भए पनि पूर्णता छैन ।

संस्कृतिविद् तथा इतिहासकार महामना राजेश्वर नेपालीज्यूले बारम्बार आफ्नो कलम र अभिव्यक्तिका माध्यमले वर्तमान जनकपुरधामको सबभन्दा पुरानो सांस्कृतिक महत्वको राममन्दिरको संरक्षणबारे बोल्नु र लेख्नु भयो । यस दिशामा सम्वद्ध सबैले ध्यान दिनु पर्दछ र विश्वभरकै हिन्दूहरुको पवित्र तीर्थस्थल राममन्दिर र जानकी मन्दिरलाई पशुपति र लुम्बिनीजस्तै अझ आकर्षक बनाउने इमान्दार सत्प्रयास हुनु पर्दछ । यस दिशामा राममन्दिरको जग्गा बिक्रीबाट गुठी संस्थानमा रहेको करोडौँ रुपैयाँ राममन्दिरकै विकासमा लगाउनु आवश्यक छ । अन्यथा अर्बौं रुपैयाँको श्रीसम्पत्ति भएर पनि सुनसान र उजाड बन्दै गएको राममन्दिर र राजर्षि जनककै भूमिको प्रमुख जनक मन्दिर रत्नसागर र अग्निकुण्ड स्थानकै दुरावस्थामा जान बेर लाग्दैन ।

अतः प्रदेश सरकार र स्थानीय सरकारले विशेष योजनाका साथ अगाडि राममन्दिरलगायत यहाँ अन्य मठमन्दिर र गुठीका जग्गा संरक्षण आवश्यक छ ।

# दुधेश्वरनाथ धामलाई पर्यटन बनाउन जोड



**मधशदृष्टि**
**वीरगंज ।**

पर्साको दुधेश्वरनाथ धामको पूर्वाधार विकास तथा धार्मिक सांस्कृतिक पर्यटन विकासका लागि पोखरियामा वृहत अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमलाई सम्बोधन गर्दै पूर्वमन्त्री एवम् नेपाली कांग्रेसका नेता सुरेन्द्र प्रसाद चौधरीले पर्सा राष्ट्रिय निकुञ्जसँग जोडिएको दुधेश्वरनाथ धामको पूर्वाधार विकासले पर्सा जिल्ला मात्र नभई मधेश प्रदेशकै पर्या–पर्यटनको क्षेत्रमा महत्वपूर्ण योगदान पुग्ने बताए ।

उनले धार्मिक पर्यटनको प्रचुर सम्भावना रहेको पर्सामा दुधेश्वरनाथ धामको पूर्वाधार निर्माणमा सबै जुटनु पर्ने कुरामा जोड दिए । कार्यक्रममा पोखरिया नगरपालिकाका प्रमुख प्रद्युम्न चौहान, नेपाली कांग्रेसका नेता रामेश्वर रौनियार, प्रदेश सभा सदस्य श्याम पटेल, पोखरिया नगरपालिकाका पूर्व नगर प्रमुख दिपनारायण रौनियार, शिव पटेल, लगायतले पर्सा जिल्लामा पर्यटनको विकासका बारेमा मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रम अलखदेव महतोको अध्यक्षमातामा सम्पन्न भएको थियो ।

# ट्याङ्करको ठक्करबाट प्रहरी जवानको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**

जिल्ला प्रहरी कार्यालय पर्सामा कार्यरत एक प्रहरी जवानको गएराति बाराको सिमरामा ट्याङ्करको ठक्करबाट मृत्यु भएको छ । जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर २ दुरसञ्चार नजिक ट्याङ्करको ठक्करबाट जिल्ला प्रहरी कार्यालय पर्सामा कार्यरत प्रहरी जवान २९ बर्षिय दिनेश बहादुर परियारको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराको प्रवक्ता डिएसपी दधिराम न्यौपानेले जानकारी दिए । पथलैयाबाट वीरगंजतर्फ आउँदै गरेको ग १४ प ५९७२ नम्बरको मोटरसाइकललाई सोही दिशातर्फ आउँदै गरेको ना ७ ख ३०२६ नम्बरको इन्धन बोकेको ट्याङ्करले पछाडीबाट ठक्कर दिदा मोटरसाईकल चालक प्रहरी जवान परियारको मृत्यु भएको न्यौपानेले बताए । ठक्करबाट गम्भीर घाइते भएका परियारलाई उपचारका लागि वीरगंजको एलएस न्यूरो अस्पताल पठाइएको र त्यहाँ उनको उपचारको क्रममा मृत्यु भएको थियो । प्रहरीले इन्धन बोकेको ट्याङ्कर नियन्त्रणमा लिएको भए पनि चालक भने फरार भएको र उनको खोजी भईरहेको बारा प्रहरीले जनाएको छ ।

# छोरीलाई कुटपिट गरी मारेको आरोप

**मधेशदृष्टि**
**वीरगंज ।**

पर्साको सखुवा प्रसौनी गाउँपालिका वडा नम्बर २ जमुनियाकी चन्द्रावती देवीकी विवाहिता कान्छी छोरी निशा कुमारी गोढको उनकै पति सहित घरपरिवारले कुटपिट गरी मारेको आरोप माईती पक्षले लगाएको छ ।

नेपाल पत्रकार महासंघ पर्सा शाखामा मंगलबार पीडित पक्षले पत्रकार सम्मेलनको आयोजना गरी घटनामा संलग्न अभियुक्तहरुलाई पक्राउ गरी कारबाहीको माग गर्दै गत शनिबार जिल्ला प्रहरी कार्यालय पर्सामा जोहेरी दिँदा समेत प्रहरीले उनीहरुलाई पक्राउ नगरेको भन्दै आक्रोश व्यक्त गरेका छन् । जमुनियाका हिरा साह गोढकी कान्छी छोरी नीशाको चार बर्ष पहिले पर्साकै बहुदरमाई नगरपालिका वडा नम्बर ३ नगरदाहाका स्वर्गीय सिंघासन साह गोढका छोरा मुन्ना भन्ने इनरजीत साह गोढसंग हिन्दू परम्परा अनुसार मागी विवाह भएको थियो । विहेको चार बर्षपनि नबित्दै निशाको उनका पति मुन्ना र उनका परिवारका सदस्यले मिलेर गत शनिबार निर्घात कुटपिट गरी हत्या गरेको पत्रकार सम्मेलनमा निशाकी आमा चन्द्रावती देवीले आरोप लगाइन् । तीन महिनाको गर्भवती निशालाई स्वास्थ्य संस्थामा गएर चेकजाँच गराउन समेत परिवारले नमानेको र उल्टै यातना दिँदै आएको मृतककी आमा चन्द्रावतीले गुनासो गरिन् ।

'नयाँ बर्षको दिन बिहान साढे ११ बजेतिर नारायणी अस्पतालबाट एक आफन्तले निशाका भाई राजकुमारलाई फोन गरेर निशा अस्पतालमा भर्ना रहेको खरब सुनाएको र खबर लगतै दाई अस्पताल पुग्दा बहिनी मृत अवस्थामा देखेको भन्दै मृतकको अनुहार, पाखुरा र पेटतिरको भागमा कुटपिट गरिएको कालो डाम रहेको अवस्थामा शव भेटेको हो ।'

मृतकका दाई राजकपुरले पत्रकार सम्मेलनमा जानकारी दिए । अस्पतालमा बहिनी निशाको पोष्टमार्टमपछि शव उनका पति मुन्नासहितका परिवारले बुझेर लगेर त्यहि दिन हतार हतारमा दाहसंस्कार पनि गरिदिएको दाई राजकपुरले बताए । निशाको हत्या भएको दाबी गर्दै हत्यामा संलग्नहरुलाई पक्राउ गर्न प्रहरीले आलटाल गरेको पीडित पक्षको आरोप छ । घटनाका सम्बन्धमा जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले पोष्टमार्टको रिपोर्ट आएपछि आवश्यक कारवाही अगाडी बढने बताउँदै मृतकको शवमा चोटपटक लागेको घाउ वा त्यस्तो केहि नदेखिएको जानकारी दिए ।

# नौ महिनामा ३६ करोड राजस्व संकलन




**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंज महानगरपालिकाले चालु आर्थिक वर्षको नौ महिनामा ३६ करोड ७६ लाख नौ हजार तीन सय ९८ राजस्व सङ्कलन गरेको छ । महानगरका अनुसार चालु आवमा सम्पत्ति कर शीर्षकमा १२ करोड ७० लाख ४३ हजार सात सय ८२ रुपैयाँ सङ्कलन भएको छ ।

महानगरले दोस्रो धेरै घरबहाल करबाट चार करोड ५५ लाख ७५ हजार आठ सय ६७ रुपैयाँ राजस्व संकलन गरेको छ । महानगरले २४ वटा शीर्षकमा राजस्व सङ्कलन गर्दै आएको छ । वीरगंज महानगरपालिका राजस्व महाशाखा प्रमुख मनोज कर्णले महानगरले गत आवको नौ महिनाको तुलनामा चालु आवमा दुई करोड ९५ लाख रुपैयाँ बढी राजस्व सङ्कलन गरेको बताए ।

'गत आवको नौ महिनाको तुलनामा यो आवमा राजस्व सङ्कलनमा सुधार देखिएको छ', उनले भने । गत आवको नौ महिनामा भने ३३ करोड ८० लाख ५४ हजार तीन सय ६० रुपैयाँ राजस्व सङ्कलन भएको थियो । वीरगंज महानगरले गत आवभरिमा भने ५७ करोड एक लाख ७३ हजार दुई सय एक रुपैयाँ राजस्व सङ्कलन गरेको थियो । त्यसैगरी महानगरले आव २०७८÷७९ मा भने ५१ करोड २२ लाख २४ हजार चार सय ९० रुपैयाँ राजस्व सङ्कलन गर्यो । वीरगंज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले वीरगंजमा आयोजित सार्वजनिक कार्यक्रममा वीरगंजका ठूला उद्योगी व्यवसायीलाई घरबहाल कर स्थानीय सरकारलाई बुझाउन अनुरोध गरेका थिए । महानगरले चालु आव २०८०/८१ को लागि तीन अर्ब २१ करोड ३५ लाख ४४ हजार बजेट विनियोजन गरेको थियो । विनियोजित बजेटमध्ये चालुतर्फ दुई अर्ब ४८ करोड ८५ लाख पाँच हजार रुपैयाँ र पुँजीगततर्फ ६८ करोड ८७ लाख १५ हजार बजेट छुट्याइएको थियो । महागरले बजेट तथा नीति कार्यक्रममा चालु आवमा आन्तरिक राजस्वबाट एक अर्ब २० करोड ४४ लाख ३० हजार राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको थियो ।

# मकैमा दाना नलागेपछि किसान निराश



**मधेशदृष्टि**
**वीरगंज ।**

बारामा यस वर्ष पनि हिउँदे मकैको घोगामा दाना नलागेपछि किसानहरू निराश भएका छन् । बाराको जीतपुरसिमरा–११ फत्तेपुरका मकै किसान रामलाल राउतले यस वर्ष २ बिगाहा १० कट्ठा जग्गामा ३३५५ जातको मकै लगाएका थिए । कात्तिकमा लगाएको उनको मकैमा दाना नलागेको पीडित किसानले बताएका छन । गत वर्ष प्रतिकट्ठा ३ क्विन्टल बढी मकै फलेको खेतमा यसपटक १ क्विन्टल मात्रै फलेको पिडित किसान राउतले भने,'मकैको घोगा ठूलो ठूलो छ तर भित्र च्यातेर हेर्दा दाना छैन ।' 'मलखाद, बीउ, मजदुर, जोताइ, पानी लगाउँदा विद्युत् खर्च धेरै महँगो भएकाले यो वर्ष मकैबाट खर्च पनि नउठ्ने, कात्तिकमा लगाएको मकै माघमा भएको शीतलहर र चसोले पात झरेर दाना नै लाग्न सकेन । धेरै खर्च गरेर औषधी गर्दा पनि दाना नलागेकोमा दुःख छ ।' उनले भने । राउत जस्तै बारामा दर्जनौ किसानहरुले लगाएको मकै खेतीमा दाना नलागेको पीडित किसानहरुले बताएका छन् । जीतपुर सिमरा उपमहानगरपालिका वडा नम्बर २० का अर्का किसान लालजी खाँ यसपटक मकैको बिउ बेच्नेले बेइमान गरेर पुरानो मकैको विउ दिएको हुँदा दाना नै नलागेको बताए । त्यसैगरी निजगढ नगरपालिका वडा नम्बर ४ की रेखा हुमागाईंले पनि गत वर्ष १४ कट्ठा जग्गामा ३० देखि ३२ क्विन्टल मकै बेचेकोमा यसपटक ११÷१२ क्विन्टल मात्रै मकै बिक्री गरेको बताएको थिइन् । जीतपुर सिमरा उपमहानगरका कृषि प्राविधिक धिरज पौडेलले यसपटक मकैको घोगामा दाना नलाग्ने समस्या बाराको सबै पालिकादेखि रौतहट र सर्लाहीमा समेत देखिएको बताए । मङ्सिर पहिलो साता लगाउनुपर्ने ३३५५ र ९०८१ जातको मकै किसानले असोज–कात्तिकमै लगाउँदा यस्तो समस्या देखिएको प्राविधिक पौडेलले बताए ।

*जिन्दगी भगवानको उपन्यास हो,*
*उनैलाई लेख्न दिउँ ।*
*–आइज्याक बसिभिस*

## सम्पादकीय

### बहिस्कारबीच मुख्यमन्त्रीलाई विश्वासको मत

*मधेश प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवले चौथोपटक विश्वासको मत प्राप्त गरेका छन् । उनले पछिल्लो १४ महिनामा चार पटक विश्वासको मत लिनु परेको छ । प्रदेश सरकारहरु केन्द्र सरकार भत्कनेबित्तिकै धर्मर हुने अवस्था अन्त्य नभएसम्म यस्तो नियती हरेक प्रदेश सरकारले व्यहोर्नु पर्ने देखिएको छ । केन्द्र सरकारको गठबन्धन परिवर्तन हुँदा सात वटै प्रदेश सरकारका गठबन्धन पनि टुटफुट भएर नयाँ अंकगणितमा बहुमत जुटाउनु पर्ने बाध्यता छ । केन्द्रीय गठबन्धनमा नभए पनि मधेश गठबन्धनमा रहिरहेको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) पनि मंगलबार मधेश प्रदेश सरकारबाट बिदा भएको छ । उपलब्ध एक थान मन्त्री पनि प्रदेश सरकारलाई फिर्ता गर्दै लोसपा बाहिरिएको हो । तर बाहिरिँदा उसले पनि प्रदेश सभा नै बहिस्कार गर्नु पर्ने अवस्था बनेको छ । ६१ मतसहित बहुमत आफ्नो पक्षमा छ भनेर मुख्यमन्त्री यादवले मंगलबार दिनभरजसो नै मेहनत गर्नु परेको थियो । उनका पक्षमा रहेको जसपा, माओवादी, एमाले र नेकपा एसको संख्या जोडेर बहुमत देखाइए पनि मधेशको वैकल्पिक राजनीतिक शक्तिहरु लोसपा, जनमत यो गठबन्धनमा छैन । अर्कातिर पुरानो पार्टी नेपाली कांग्रेस पनि प्रदेश सभा बहिस्कार गर्दै बाहिरिएको छ । यस्तो अवस्थामा असार नजिकिँदै गर्दा बजेट बनाउनु पर्ने मधेश सरकारलाई बजेट बनाउन सहज हुनेछैन, अर्कातिर पुरानो बजेट पनि सकाउन निकै कसरत गर्नु पर्ने पक्का छ ।*

*अर्कातिर चारचार पटक मधेश सरकारको मुख्यमन्त्रीमा सरोजकुमार यादवले विश्वासको मत पाउँदा यस्तो सास्ती, माइक तोडफोड, मर्यादापालक लगाएर जनमतका नेताहरु बाहिर पठाउनु पर्ने अवस्था के लोकतन्त्रको सुन्दरतामा मोसो दलिएजस्तो होइन र ? मंगलबार २०८० माघ ८ गते आफैँ सहकुलपति भएको अवस्थामा पिटाइ खाने अवस्थामा पुगेको जनमतका प्रदेश मन्त्रीले वश छानिबन माग गरेका हुन् । तर पेलेरै जाने नीतिअनुसार, सभामुख लगाएर मुख्यमन्त्रीको पेट बोली बोल्दै झारा टार्ने शैलीमा सरकार देखिएपछि जनमतले गरेको अवरोधमा नेकपा एमालेले पनि जवाफी हमला गर्नु पर्थेन । यही हमलालाई 'व्यक्तिगत' घटनाको संज्ञा दिएपछि जनमतसँगै नेपाली कांग्रेस पनि बहिस्कार, बिरोधको शैलीमा रोष्ट्रम घेर्न आउने अवस्था बनाउने काम एमालेले गरेको हो । यसैको दोषले मुख्यमन्त्रीले विश्वासको मत लिन मंगलबार रातिसम्म कुर्न परेको हो । सानो भूगोल, प्रदेश, नचिनेका कोही छैनन् तर सत्तामा रहँदा अँगालो हाल्ने र चाटाचाट गर्ने अनि सत्ता छाड्नेबित्तिकै काटाकाट गर्ने शैलीसँगै गठबन्धन दल बोक्ने भारीमा को ठूलो भरिया हुने भन्ने होडमा अहिले एमालेलाई अलि ठूलै भारी बोक्नु पर्ने बाध्यता पनि छ ।*

*यो भारी बोकेर एमालेले १४ महिनामा दुई पटक एउटै मुख्यमन्त्रीलाई विश्वासको मत दिलाएको छ । तर यो गठबन्धन के बलियो रहला ? यसमा नेकपा एसले मात्रै समर्थन फिर्ता लिए के हुन्छ ? यस्तो अवस्थामा मधेश सरकारले फेरि अब कसलाई फकाउने ? एमालेको छुच्चो शैलीले मात्रै १४ महिना कामै गर्न नसकेका प्रदेश सरकारहरुमा सबैभन्दा कमजोर देखिएका मधेशका मुख्यमन्त्रीको कुर्सी टिकिरहला भन्ने ग्यारेन्टी एमालेले त के स्वयम् जसपाले पनि दिन सक्ने देखिएको छैन ।*

### ✍ लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

### ✍ कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्क: ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेल: madheshdristi@gmail.com

अध्यात्म

# भगवान् रामको अवतार किन भएको थियो ?



सञ्जय साह मित्र



**१. विषय प्रवेश**

भगवान् विष्णुका दश अवतार मानिन्छन् । भगवान् विष्णुलाई ब्रह्माण्डको प्रतिपालक मानिएको छ । विष्णुका विभिन्न अवतारहरुको प्रसंग हिन्दू धर्मग्रन्थहरु तथा पुराणहरुमा पाइन्छ। सम्पूर्ण सनातन धर्मावलम्बीहरुले यो विश्वास गर्दछन् कि भगवान् विष्णुका मुख्य दश अवतार रहेका छन् । ती अवतारहरु हुन् – मत्स्य अवतार, कूर्म अवतार, वराह अवतार, नृसिंह अवतार, वामन अवतार, श्रीराम अवतार, श्रीकृष्ण अवतार, परशुराम अवतार, बुद्ध अवतार र कल्कि अवतार । यी अवतारहरुमध्ये कल्कि अवतार हुन बाँकी छ । हिन्दू मान्यताअनुसार समयलाई चार युगमा विभाजन गरिएको छ । सत्ययुग, त्रेता, द्वापर र कलियुग । अनि कलियुगपछि पुनः सत्ययुगको आगमन हुन्छ । यही कलियुगबाट सत्ययुगको संक्रमणको समयमा भगवान् विष्णुको कल्कि अवतार हुने विश्वास रहेको छ । भगवान् विष्णुका विभिन्न अवतारलाई जीवविज्ञानको दृष्टिकोणले पनि विश्लेषण गरिएको पाइन्छ । जसरी विकासवादी सिद्धान्तले मानेको छ कि सबैभन्दा पहिले जीवको उत्पत्ति पानीमा भएको थियो त्यसरी भगवान्को अवतारको कथाको क्रम पनि यसै गरी देखिन्छ । सबैभन्दा पहिले मत्स्यावतार, त्यसपछि क्रमशः मानव हुँदै सुपर मानवतिर विकासको यात्रा देखिन्छ । अनि धर्मशास्त्रहरुले यो पनि मान्दै आएको छ कि भगवान्को अवतारको मुख्य कुनै विशेष उद्देश्य हुन्छ । कुनै विशिष्ट उद्देश्य लिएर भगवान्को अवतार हुने भएकोले हरेक अवतारको उद्देश्यबारे बुझ्नु पर्दछ । यद्यपि अध्यात्मवादीहरु यसलाई दुई किसिमले बुझाउन चाहन्छन् । पहिलो त बाहिर वा सतहमा देखिने अवतारको प्रयोजन र दोस्रो अध्यात्मको दृष्टिले विचार गर्नुपर्ने उद्देश्य । भगवान् रामको अवतार पनि खास उद्देश्य लिएर भएको थियो । यहाँ यस आलेखमा त्रेता युगमा अध्योत्याका राजा दशरथको ज्येष्ठ पुत्रको रुपमा भएको भगवान् रामको जन्मको सन्दर्भ र अवतारको उद्देश्यबारे प्रकाश पार्ने प्रयास गरिएको छ।

**२. प्रकट भएको परिवेश**

भगवान् रामको जन्म भएको भन्दा पनि अध्यात्मवादीहरुले अवतार भएको मान्दछन् । सामान्य तर्क छ – मनुष्यको जन्म हुन्छ र भगवान्को अवतार हुन्छ । देवताहरुको पनि अवतार नै हुन्छ । यसरी भगवान् रामको पनि अवतार भएको हो । एउटा श्लोक ज्यादै प्रचलित छः 'भए प्रकट कृपाला दिन दयाला कौसल्या हितकारी । हर्षित महतारी मुनि मनहारी अद्भुत रुप निहारी ।' यसमा पनि भगवान् रामको अवतार भएको भनिएको छ । अझ भगवान् रामको जन्म नभएर उनी प्रकट भएको उक्त श्लोकमा बताइएको छ।

भनिन्छ, अयोध्यामा रामको जन्म भएको हो दशरथको घरमा । दशरथ अयोध्याका राजा थिए। राजाका तिन रानी थिए कौसल्या, सुमित्रा र कैकेयी । रामको जन्म जेठी महारानी कौसल्याको कोखबाट भएको थियो।

त्रेतायुगमा, शास्त्रहरुका अनुसार, इमानदार मानिसहरुमाथि अन्याय बढिइसकेको थियो । अझ साधु, महात्माहरुमाथि धेरै अन्याय हुन थालेको थियो । खराब तत्वहरुको हालीमुहालीमा समाज चल्न थालेको थियो । कुबेरजस्तो इमानदार धनी व्यक्ति पहाडमा पलायन हुनुपरेको थियो । यस्ता धेरै उदाहरुणहरु पाइन्छन् जसबाट अन्याय गर्नेहरु नै आफूलाई सर्वेसर्वा ठान्न थालेको थिए भन्ने उल्लेख पाइन्छ । भनिन्छ, जब जब पृथ्वीमा अन्याय र अत्याचार बढ्छ र धर्ममाथि आक्रमण हुन्छ तब तब धर्मको स्थापना गर्न भगवान् विष्णुको अवतार हुन्छ । रावण र उसको निकटकाहरुको अत्याचारले पृथ्वी आक्रान्त भइसकेको थियो, त्राहीमामको अवस्था थियो । यसैले सोही परिवेशमा भगवान रामको जन्म भएको हो । भनिन्छ, जहाँ शुभ कर्म हुन्छ त्यहाँ सबै कुरो आफैँ पवित्र हुन्छ । भगवान्ले पृथ्वीको भार कम गर्न अर्थात् अन्याय, अत्याचार, दुराचारलाई दमन गर्नको लागि शुभ समयमा अवतार लिने गरेको शास्त्रहरुमा उल्लेख पाइन्छ।

**३. अवतारको अवसर**

तुलसीकृत रामायण 'रामचरित मानस' को 'बालकाण्ड'मा भगवान् रामको अवतार भएको भनिएको छ । रामको जन्मको समयको योग, लग्न, ग्रह, वार, तिथि आदि सबै अनुकूल थिए र सम्पूर्ण चराचर जगत् आनन्दमग्न भएका थिए किनभने श्रीरामचन्द्रको जन्म सुखको मूल हो।

*नौमी थिथि मधु मास पुनीता ।*
*सुकल पच्छ अभिजित हरिप्रीता ।*
*मध्यदिवस अति सीत न घामा ।*
*पावन काल लोक बिश्रामा ।*

रामजीको जन्म नवमी तिथि र पवित्र चैत महिनाको शुक्ल पक्षमा भएको हो । अभिजित् नक्षत्रमा मध्यान्हको समयमा भगवान्को अवतार भएको हो। त्यत्ति वेला न धेरै जाडो थियो र न त धेरै गर्मी अर्थात् घाम नै । यस्तो लागिरहेको थियो कि जसमा सम्पूर्ण लोकलाई विश्राम प्राप्त भएको छ।

तुलसीकृत रामायणका अनुसार, त्यस समय शीतल, मन्द, सुगन्ध, त्रिविध हावा चल्न थाल्यो । देवता र सन्तहरुको मन निकै प्रसन्न भयो । वन फूलले ढकमक्क तथा प्रफुल्लित र पर्वत रत्नमय हुन गयो तथा सम्पूर्ण नदीहरुमा अमृतधारा बग्न थाल्यो । ब्रह्माजी उक्त अवतारलाई जानेर सबै देउताहरुसहित विमानलाई सजाएर प्रभुतिर हिँडे । निर्मल आकाशमा देवताहरुको भीड हुन गयो । गन्धर्वहरुले प्रभुको यशगान गर्न थाले । देवताहरुले अंजली भरेर पुष्प बर्साउन थाले । आकाशमा नगाडा जोरले बज्न थाल्यो । नाग, मुनि, देवता आदिले स्तुति गर्न थाले र विभिन्न प्रकारले आफ्नो सेवा प्रस्तुत गर्न थाले।

तुलसीकृत रामायणमा भगवान् रामको अवतार भएको बेला तिनको रुपको बारेमा पनि वर्णन गरिएको छ । जब राम प्रकट भए तब उनको अद्भुत रुप देखेर माता कौसल्या दंग भइन् । सुन्दर नेत्र, श्याम शरीर, चार हात, सबै हातमा शंख, चक्र, गदा र पद्म धारण गरेका, वनमाला पहिरेका, सम्पूर्ण अंगमा आभूषण सजिएको, निकै विशाल नेत्र भएका, सौन्दर्यको सागर तथा खर नामक राक्षसको वैरी । रामको शोभा देखेर मुनिहरुको मन पनि मोहित हुन्छ।

**४. लोकविश्वास**

भ्गवान् रामको लोकप्रियता हाम्रो समाजमा धेरै नै रहेको छ । सिद्धान्तले के भन्दछ भने जसको लोकप्रियता धेरै रहन्छ, तिनको बारेमा मानिसले धेरैभन्दा धेरै कुराकानी गर्न रुचाउँछन् । तिनको बारेमा अनेक मिथकहरु समाजमा प्रचलनमा रहेका हुन्छन् । तिनको बारेमा सकारात्मक कुरा वा लीलाहरु धेरै नै प्रचलनमा रहेका हुन्छन् । सर्वसाधारण मानिसहरु जति धेरै कुरा गरे पनि त्यत्ति नै धेरै रुचाउँछन् । तिनको प्रशंसामा आफू मग्न हुन्छन् । हो, भगवान् रामको विषयमा पनि समाजमा यही लागू हुन्छ।

रामलाई केवल दशरथको पुत्रको रुपमा, अयोध्याका राजकुमार वा राजाको रुपमा मात्र सर्वसाधारणले समाजमा लिएको बुझेको पाइन्न । धेरैलाई यो विश्वास छ कि राम परम प्रभु हुन् । मुक्तिदाता हुन् । मनुष्यका उद्धारकर्ता हुन् । यही कारण वर्तमान समाजले रामको विपक्षमा कुनै कुरा सुन्न चाहँदैन र जति धेरै प्रशंसा हुन्छ त्यत्ति धेरै सन्तुष्टि प्राप्त गर्दछ । रामलाई लौकिक रुपमा मान्ने पनि छन् र अलौकिक रुपमा मान्ने पनि छन् । रामको दुवै रुपलाई समाजले सहज स्वीकार गर्दछ । रामले आफ्नो जीवनमा जे जति गरेका छन्, तिनका संघर्षहरुलाई पनि समाजले लीलाको संज्ञा दिएको छ । रामले गरेको कर्म चाहिँ लीला नै हो भन्ने मान्यता रहेको छ । लोकविश्वास यत्तिसम्म भन्दछ कि रामले आफ्नो वनमा कुनै पनि गल्ती गरेका छैनन् । उनको जीवनको बारेमा जे जति बुझिएको छ, ती सबैलाई सहज किसिमले अझ राम्रोको लागि गरिएको हो भन्ने स्वीकार गरेको छ समाजले । रामलाई अलौकिक र दिव्यपुरुष यस कारण पनि मानेको देखिन्छ कि राम सर्वशक्तिमान हुन्, भगवान् विष्णुका अवतार हुन् र मानिसको रुपमा लीला गर्नका लागि अवतार लिएका हुन् भन्ने लोकविश्वास रहेको छ।

**५. अवतारको उद्देश्य**

लौकिक र अलौकिक गरी रामका दुई रुप मानिन्छ । अलौकिक स्वरुपलाई मान्नेहरु मूलतः अद्वैतवादी हुन् । भगवान्माथि विश्वास गर्ने तर कुनै भौतिक स्वरुप अर्थात् देह वा रुपमाथि विश्वास नगर्नेहरुले रामको अलौकिक स्वरुपलाई मान्दछन् । यस स्वरुपलाई मान्नेहरुले राम अनेक भएको वा अनेक रुपमा रहेको भनिएकाहरुलाई केवल एक राम मान्दछन् । जसका मातापिता कोही हुन सक्दैनन् भन्ने मान्यता रहेको यस मतावलम्बीहरुले त्रेयागुगका वा दाशरथी रामलाई नमाने पनि केवल राम शब्द वा राम ब्रह्मको अस्तित्वलाई भने स्वीकार गर्दछन्।

रामको लौकिक स्वरुपलाई स्वीकार गर्नेहरुले रामको अवतारको उद्देश्यबारे चर्चा गर्दछन् । उसो त हिन्दू धर्मशास्त्रहरुले कुनै पनि जीवनको धर्म, अर्थ, काम र मोक्ष गरी चार उद्देश्य रहेको मान्दछन्।

त्यसो त विभिन्न लोकविश्वास, मिथक तथा धारणाहरु, जुन समाजमा व्याप्त छन्, मा भगवान् श्रीरामको अवतार हुने पहिले नै भविष्यवाणी गरिएको हुन्छ । जस्तो कि रामावतार भएपछि ढुंगा बनेकी ऋषिपत्नी अहल्याको उद्धार हुनेछ । यसै गरी सबरी कैयौँ दशकदेखि राम आउने बाटो कुरेर बसेकी हुन्छिन् । कैयौँ युगदेखि एक राक्षसले रामको बाटो कुरेर आफूलाई उद्धार हुने बसेका हुन्छन् । यिनीहरुबाट रामको अवतारको उद्देश्य उद्धार गर्नु वा अरुको कल्याण गर्नु हो भन्ने मान्यतालाई पुष्टि गर्दछ।

कतिपयले रामको जीवनको उद्देश्य एक आदर्श राजा र एक आदर्श मानव बन्नु थियो भनेर बताउने गरेका छन् । राम एक दयालु, करुणावान तथा न्यायप्रिय व्यक्ति थिए । उनले आफ्नो भौतिक जीवनभर सधैँ सत्य र धर्मको पालन गरे । उनले आफ्नो र आफन्तको रक्षा गरे तथा सुखी जीवनको लागि सहयोग गरे । राम एक महान योद्धा पनि थिए । रावणजस्तो शक्तिशाली राक्षसलाई हराएका रामले अन्य धेरै राक्षसहरुको संहार गरेका थिए । यति हुँदाहुँदै पनि राम दृढ प्रतिज्ञ थिए । रामले गरेका प्रतिज्ञा पूरा गर्दथे । रामको बोली नै ब्रह्मरेखा बन्दथ्यो । रामको विषयमा सर्वसाधारणमा पनि यो कुरा निकै प्रख्यात रहेको छ – रघुकुल रीत सदा चलिआई, प्राण जाए पर वचन नजाहीँ । अर्थात्, रामले आफ्नो वचन निर्वाहलाई प्राणभन्दा पनि मूल्यवान ठान्दथे।

सबै सर्वसाधारणले रामलाई चिन्ने अर्को उपमान हो – मर्यादापुरुषोत्तम । रामलाई मर्यादापुरुषोत्तम पनि भनिन्छ वा मर्यादापुरुषोत्तम भनेर सोझै सर्वसाधारणले रामलाई नै चिन्दछन् । यसको मूल कारण यो हो कि रामको आदर्शमा मर्यादापालन अत्यन्तै विशिष्ट रहेको छ । रामको जीवनबाट सर्वसाधारणले मर्यादाको परिपालन गर्न पनि सिक्नु पर्दछ भन्ने कुरा प्रमुख रुपमा देखिएको छ । आज पनि रामलाई मर्यादापुरुषोत्तम भनेर जुन सम्मान दिइन्छ, त्यो पनि रामको जीवनको एउटा उद्देश्यको रुपमा रहेको स्पष्ट हुन आउँछ।

रामलाई आदर्श राजाको रुपमा पनि मानिन्छ । आज पनि जहाँ हिन्दूको बाहुल्य छ वा चिन्तन छ र त्यहाँ यदि सुख र सन्तोषको प्रसंग हुन्छ, त्यहाँ रामराज्यको मनोविज्ञान हुन पुग्छ । अहिले पनि रामराज्यको उदाहरण दिइन्छ । रामराज्यलाई राजा र प्रजा अर्थात् शासक र शासित सबैको सुख तथा ऐश्वर्यको दृष्टिकोणले सम्मान मानिन्छ । राज्यको विदेश नीति, आन्तरिक सुरक्षा तथा सर्वसाधारणको सन्तुष्टि र समृद्धिको जहाँ सर्वोच्च कल्पना गरिन्छ, त्यसलाई नै रामराज्य मानिने मनोविज्ञान रहेको हुनाले रामराज्य अर्थात् हरेक दृष्टिकोणले सुशासन र समृद्धिको राज्यको परिकल्पना पनि रामको अवतारको एउटा उद्देश्य रहेको देखिन आउँछ।

सामान्यतया यही देखिन आउँछ कि भगवान् रामको अवतारको उद्देश्य सज्जनको उद्धार र मुक्ति, दुर्जनको संहार, आदर्श र नीतिवान व्यक्तित्व स्थापित गर्नु, सुशासन र समृद्ध राज्य, असल काम वा उद्देश्यप्रति चट्टानजस्तै दृढ रहनु तथा जसका कोही पनि छैनन्, तिनका मनोवैज्ञानिक सहारा बन्नु आदि रहेका छन् । हजारौँ वर्षसम्म रामको यश र कीर्ति विस्तार भइरहँदा उनीबाट जीवनदायी अनेक प्रेरणा पाउन सकिन्छ।

● ● ●

# कानुन कार्यान्वयनबाट मात्रै सुशासनः प्रधानमन्त्री



**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले कानुनको सफल कार्यान्वयनबाट मात्रै देशमा सुशासनको प्रत्याभूति गर्न सकिने बताएका छन् । रणनीतिक तथा सामाजिक–आर्थिक अनुसन्धानका लागि संस्था(आइएसएसआर)ले मंगलबार यहाँ आयोजना गरेको ‘सुशासनका चुनौती र सरकारको आगामी कार्यदिशा’ विषयक कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले देशलाई सुशासन र समृद्धिको बाटोमा अगाडि बढाउन कानुन कार्यान्वयनको पाटोलाई विशेष ध्यान दिनुपर्नेमा जोड दिए ।

मुलुकको समग्र विकास, नागरिकको हित अभिवृद्धि र सुशासन कायम गर्न भ्रष्टाचार नियन्त्रण अपरिहार्य रहेको उल्लेख गर्दै प्रधानमन्त्रीले भ्रष्टाचार नियन्त्रणमा संलग्न निकायलाई कानुन, जनशक्ति, स्रोत र साधनसहित अधिकार सम्पन्न बनाई सदाचार प्रत्याभूति गर्ने अवस्था सिर्जना गरिने बताए । ‘भ्रष्टाचारसँग जोडिएका विषयको छानबिन र अनुसन्धान गरी कुनै पनि कालखण्डमा भएका भ्रष्टाचार र जो कोही भ्रष्टाचारीमाथि कानुनी कारवाही अगाडि बढाउन सरकार प्रतिबद्ध छ’, प्रधानमन्त्री प्रचण्डले भने, ‘वर्तमान सरकारको प्रमुख प्राथमिकता छन्, सुशासन, सामाजिक न्याय र समृद्धि हो, त्यसमध्ये सुशासन कायम गर्ने प्रश्नलाई सबैभन्दा अग्रभाग राखेर सोहीअनुरूप कार्यान्वयनको प्रक्रिया पनि अगाडि बढिरहेकै छ ।’

उनले भ्रष्टाचार नियन्त्रण तथा सुशासन कायम गर्ने राज्यको नीतिलाई व्यवहारमा रूपान्तरण गर्न तीनै तहका सरकार, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत् एवं आम नागरिक सबैसँग निरन्तर समन्वय, सहयोग र सहकार्य अपरिहार्य रहेको बताए । ‘कानुनको सफल कार्यान्वयनबाट मात्र राज्य व्यवस्था सही ढङ्गले सञ्चालन हुन्छ’, प्रधानमन्त्री प्रचण्डले भने, ‘संविधानले अङ्गिकार गरेका मूल्यमान्यताहरू तथा प्रत्याभूति गरेका हक अधिकारका सम्बन्धमा कानुनहरू निर्माण भएर कार्यान्वयन भइरहेको छ । ती सबै कानुन कार्यान्वयन गर्दै देशलाई सुशासन र समृद्धिको यात्रामाडोऱ्याउनआवश्यकछ ।’

मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेशसँगै नीतिगत र कानुनी क्षेत्रमा समेत ठूलो रूपान्तरण आवश्यक हुने बताउँदै प्रधानमन्त्री प्रचण्डले राष्ट्रिय सङ्कल्प र आवश्यकताबमोजिम सङ्घीय ऐनहरू जारी गर्न सरकार लागिपरेको स्पष्ट पारे । उनले भने, ‘संसद्मा प्रतिनिधित्व गर्ने सबै दलहरूसँग सघन संवादका माध्यमबाट आवश्यक कानुनहरूको निर्माण एवं संशोधनको प्रक्रिया अगाडि बढाउन सरकारले आवश्यक तयारी गरिरहेको छ ।’ सुशासनको प्रत्याभूतिका निम्ति दण्ड र पुरस्कारको वैज्ञानिक नीति, मापदण्ड र कार्यान्वयन जरूरी पर्ने बताउँदै प्रधानमन्त्री प्रचण्डले विकास आयोजनाहरूमा राम्रो गर्नेहरूलाई पुरस्कृत र गलत गर्नेहरूलाई दण्डित गर्ने नीति, योजना र कार्यक्रमबाट सुशासन स्थापित गर्दै विकास आयोजनाको कामलाई तीव्रता दिने प्रक्रियामा अगाडि बढेको जानकारी दिए ।

उनले भने, ‘विकास आयोजनाहरूमा हाम्रा उपलब्धिहरू के–कस्ता रहे, समस्या र चुनौतीहरू कहाँ र के रहे, त्यसको समाधानका निम्ति नीतिगत, कानुन, संस्थागत, संरचनागत र कार्यशैलीगत क्षेत्रमा के–कस्तो सुधार आवश्यक छ भन्नेबारे गम्भीर छलफल भइरहेको छ ।’ सेवा प्रवाहलाई छिटो, छरितो, प्रविधिमैत्री बनाउने, चालु खर्चमा मितव्ययिता कायम गर्ने, तोकिएको काम तोकिएकै समयसीमा र गुणस्तरमा सम्पन्न गर्नेजस्ता मापदण्डहरू कार्यान्यवन गराउन सरकार क्रियाशील रहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले सुरक्षा, न्याय र विकासका तीनवटै क्षेत्रलाई सुधार गर्न शासकीय सुधारका प्रयासहरू जरूरी ठानेर नै सरकारले संरचनागत सुधारमा जोड दिँदै आएको स्पष्ट पारे । संरचनागत सुधारका क्षेत्रमा आगामी वर्षको नीति तथा कार्यक्रम र बजेटमा नै केही प्रबन्धसहित सरकार अगाडि बढ्ने जानकारी दिँदै प्रधानमन्त्री प्रचण्डले विकास आयोजनाहरूको प्राथमिकीकरणसहित पर्याप्त साधनस्रोतको व्यवस्था, निर्धारित समयसीमा र गुणस्तरमा आयोजनाहरूले पूर्णता पाउनुपर्ने बताए ।

# ‘देश र जनहितका काममा विलम्ब नगरौँ’



> *सबैले साझा सङ्कल्पका साथ मिलेर देश विकासका निम्ति आ–आफ्नो क्षेत्रबाट इमानदार प्रयास गर्नुपर्छ । हामी सबैले जे जानेका छौँ त्यो गरौँ । प्राकृतिक स्रोतले धनी देश हो नेपाल । अहिले नै सोच्यौँ भने भोलिका पुस्ताका लागि काम लाग्छ ।*
>
> ***जुलीकुमारी महतो***
> *प्रतिनिधिसभा सदस्य*

**रासस**
**काठमाडौँ ।**
यथार्थमा देशको अर्थतन्त्र अपेक्षाकृत गतिशील हुनसकेको छैन । आर्थिक क्षेत्रमा एउटा पक्ष बिग्रिनेबित्तिकै त्यसले सबैतिर असर पार्छ । अर्थतन्त्रले उद्योगी–व्यवसायीदेखि गृहिणीसम्मलाई असर पारेको छ । महँगी नियन्त्रण गर्ने, सुशासन कायम, भौतिक पूर्वाधार निर्माणलगायत महत्त्वपूर्ण काम प्रभावकारी रूपमा हुनसकेका छैनन् । सरकार परिवर्तन भएपछि जनताले यस दिशामा केही सकारात्मक परिणाम प्राप्त हुन्छ भन्ने आशाचाहिँ गरेका छन् । अहिले दिनहुँजसो मिटरब्याजपीडित, सहकारीपीडितका समस्या, किसानका समस्या, उद्योगी–व्यवसायीका समस्या सार्वजनिक भइरहेका छन् । सुशासनको प्रत्याभूति हुनसकेको छैन । सरकारले सेवाप्रवाह सहज रूपमा गराउन नसकेको जनताले गुनासो गरिरहेका छन् ।मुलुकका लागि अत्यावश्यक कानुन शीघ्र पारित गरेर कार्यान्वयनमा जानुपर्छ जस्तो लाग्छ । कतिपय नियमावली पनि संसद्ले नै बनाउने हो तर संसद्भित्रको प्रक्रिया लामो हुने भएकाले एउटा विधेयक पारित गर्न पनि धेरै समय लागेको देखिन्छ । हाम्रो संसद्मा दलीय प्रभाव ठूलो छ । सांसदहरू पनि स्वतन्त्र हुनसकेका छैनन् । जति भूमिका सांसदको हुनुपर्ने हो त्यति हुन पाएको छैन ।

संसद्मा कुनै पनि दलको अहिले एकल बहुमत छैन । यस्तो अवस्थामा गठबन्धन सरकार बन्नु स्वाभाविक हो । तर एकल बहुमतसहितको सरकार भए त्यो पाँच वर्ष चल्थ्यो, र त्यसले मुलुकको विकास, समृद्धि र स्थायित्व दिन सक्थ्यो । छिटोछिटो सरकार परिवर्तन हुने भएपछि धेरै काममा बाधा उत्पन्न हुन्छ । अघिल्लो सरकारले ल्याएका कतिपय विधेयक अलपत्र पर्ने र नयाँ विधेयक ल्याउन पनि समय लाग्ने अवस्थाले समग्र कानुन निर्माणमा नकारात्मक प्रभाव पारेको स्पष्टै छ । अझ सानातिना विषयमा पनि सदन अवरुद्ध गर्ने परिपाटी मौलाएको छ । जनताका सुखदुःखको कुरा उठाउने सम्मानित सदनलाई दलभन्दा माथि उठेर सोच्न र व्यवहार गर्नुपर्छ । संसद् अवरोध नगरी आफ्ना विषयवस्तु राख्ने, सरकारको ध्यानाकर्षण गराउने, दबाब दिने अरु उपायतर्फ विचार गर्नुपर्ने बेला आइसकेको छ ।

अहिले कामको खोजीमा होस् वा अध्ययनका लागि युवाको विदेश पलायन तीव्रगतिमा भइरहेको छ । देशमा केही नै छैन र यहाँ केही पनि हुँदैन भन्ने सोच हाबी भइरहेको छ । सरकारले हाल बन्द भएका उद्योग पुनः सञ्चालन गर्न र नयाँ उद्योगको अवधारणा ल्याएर देशभित्रै रोजगारीका अवसर सिर्जना गर्नुपर्छ । शिक्षामा पनि व्यापक सुधारको खाँचो छ । देशभित्रै सुलभ र सहज रूपमा उच्च अध्ययन गर्न पाउने वातावरण मिलाउन ढिला भइसक्यो । अहिले आफूले रोजेको विषय पढ्न चाहना राख्ने मेधावी विद्यार्थीले पनि भर्ना नै हुन पाउँदैनन् । कतिपय शैक्षिक संस्थामा शुल्क निकै महँगो छ । विश्वविद्यालयमा छिटो काम नहुने, परीक्षाफल ढिलो प्रकाशित गर्ने आदि समस्या वर्षौंदेखि देखिएका छन् । नेपाललाई शिक्षाको हब बनाउन सकिने सम्भावना प्रशस्त छ । विदेशी विद्यार्थीले पनि नेपाली शिक्षण संस्थाबाट शिक्षा लिनसक्ने वातावरण बनाउन सकिन्छ । तर जति कार्यान्वयन हुनुपर्ने हो, त्यो पाटोमा भने ध्यान दिन सकिएको छैन ।

मुलुक सङ्घीयतामा गइसकेपछि अहिले तीन तहको सरकार छ । मेरो जोड भनेकै तीनै तहका सरकारले सेवाप्रवाहलाई केन्द्रमा राखेर काम गर्नुपर्छ भन्ने हो । म मधेश प्रदेशबाट प्रतिनिधित्व गर्छु । त्यहाँ अहिले धेरैजसो खेत बाँझो हुन थालेको छ । कृषिप्रधान देश भन्छौँ नेपाललाई । कृषिमा हामी आत्मनिर्भर कसरी गराउन सक्छौँ भन्ने महत्त्वपूर्ण पाटो हो । हरेक उत्पादनमा रोजगारी जोडिन्छ । बेरोजगारीको समस्या समाधान मुखले भनेर हुँदैन । जबसम्म देशमा चाहिने कुरा पूरा हँुदैनन्, पानीबिनाको माछाजस्तै हुन्छ । जस्तै, रोजगारी र खानेकुरा नभई नहुने हुन् । अहिले हामीले ठूला कुरा सोच्नुभन्दा पनि हाम्रो जग कसरी बलियो बनाउने भन्नेमा सोच्नुपर्छ । उत्पादनतिर जोडेनौँ भने हाम्रो जग बलियो हुन सक्दैन ।

दुःखका साथ भन्नुपर्छ, अहिले हाम्रो मुलुकमा भ्रष्टाचार व्याप्त छ । चुहावट छ । किसानले समस्या भोगेकै छन् । समयमा मलखाद पाउँदैनन् । पूर्वाधार धेरै बन्न बाँकी छन् । पूर्वाधार नभई त विकास नै हुँदैन । कैयौँ उद्योग बन्द छन् । खुलेका पनि राम्ररी चल्न सकेका छैनन् । सरकारी अस्पतालमा चाप बढी छ । निजी अस्पतालमा शुल्क महँगो छ । विद्यालयमा पनि त्यही समस्या छ । खेलकुदका लागि मैदान छैन ।अहिले विश्वभर नै आर्थिक मन्दी छ । जनताले भोग्नुपरेका महँगी, बेरोजगारीलगायत समस्या समाधानतर्फ वर्तमान सरकारले विशेष ध्यान दिनेमा म आशावादी छु । सबैले साझा सङ्कल्पका साथ मिलेर देश विकासका निम्ति आ–आफ्नो क्षेत्रबाट इमानदार प्रयास गर्नुपर्छ । हामी सबैले जे जानेका छौँ त्यो गरौँ । प्राकृतिक स्रोतले धनी देश हो नेपाल । अहिले नै सोच्यौँ भने भोलिका पुस्ताका लागि काम लाग्छ । हाम्रो एकमात्र उद्देश्य उन्नत राष्ट्र निर्माण हो । जनतालाई महसुस हुनेगरी हामी सबैले काम गर्नुपर्छ । निजी र सहकारी क्षेत्र दुवैले हातेमालो गरेर अघि बढ्नुपर्छ । देश र जनहितका काम गर्न अब किञ्चित् विलम्ब गर्नु हुँदैन ।

**सांसद जुलीकुमारी महतोको परिचय**

*जुलीकुमारी महतो नेपाल कम्युनिष्ट पार्टी (एमाले)की सांसद हुन् । उनी धनुषा जिल्लाबाट प्रतिनिधिसभामा निर्वाचित भएका हुन् । नेकपा (एमाले)का विभिन्न पदमा रहेर सक्रिय राजनीतिमा आबद्ध उनी यसअघि महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री थिइन् ।*

# राजनीतिक स्थितिको प्रभाव कानुन निर्माणमाः अध्यक्ष



**रासस**
**काठमाडौँ ।**
राष्ट्रियसभाका अध्यक्ष नारायण दाहालले मुलुकको राष्ट्रिय राजनीतिक परिस्थितिले कानुन निर्माणमा समेत केही प्रभाव परेको बताएका छन् । उनले राष्ट्रियसभालाई गरिमामय ढङ्गबाट अघि बढाउन सूचना प्रवाहमा सहज पहुँच स्थापित गर्न आफू सजग र सचेत गरेको विश्वास दिलाए । सङ्घीय संसद्का विषयमा कार्यरत पत्रकारसँगको भेटघाटमा अध्यक्ष दाहालले भने, ‘सभालाई कति राम्रो गर्न सक्छु त्यो मेरो खुबी हो, नराम्रो गर्दिन, देश र जनताका निम्ति सबैले केही गरौँ ।’

राष्ट्रियसभामा कुनै पनि विधेयक र प्रस्ताव थाती नरहेको जनाउँदै उनले सभाका गतिविधिलाई सञ्चारमाध्यमले आवश्यक स्थान दिनेमा विश्वस्त रहेको बताए ।

सभाका कामकारबाही र गतिविधि गतिशील र चुस्त भएमा सञ्चारमाध्यम स्वयम्ले पर्याप्त स्थान दिनेमा ढुक्क हुन सकिन्छ भन्दै अध्यक्ष दाहालले सभालाई कामकाजी, अर्थपूर्ण र व्यवस्थित गर्नका लागि हुने प्रयासमा सञ्चार जगतको सहयोगको अपेक्षा गरे । अघिल्लो अधिवेशनसम्म कार्य जिम्मेवारी पूरा गर्ने हिसाबले राष्ट्रियसभा सफल भएको बताउँदै अध्यक्ष दाहालले हरेक बैठक, अधिवेशन र कार्यक्रममा सफल हुनेमा दृढताका साथ काम गर्ने विश्वास दिलाए । सो कार्यक्रममा सङ्घीय संसद् सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेय र प्रवक्ता एकराम गिरीलगायत सहभागी थिए ।

# दलमा आवद्ध शिक्षकलाई कारबाही गर्नेबारे छलफल

**रासस**
**काठमाडौँ ।**
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राजनीतिक दलमा आबद्ध शिक्षक, प्राध्यापक तथा कर्मचारीलाई कारबाही गर्ने विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठ र प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाबीच मंगलबार सिंहदरबारमा छलफल भएको छ । शिक्षकहरूले राजनीतिक दलको सदस्यता लिएको, सक्रिय राजनीति गरेको विषयमा मन्त्रालयमा उजुरी प्राप्त भएको र प्रचलित कानुनले शिक्षकलाई राजनीति गर्नबाट बन्देज गरेकाले ती कानुन कार्यान्वयनमा लैजाने विषयमा छलफल भएको जनाइएको छ । छलफलमा शिक्षामन्त्रीले राजनीति गरिरहेका शिक्षक पहिचान गर्नमा निर्वाचन आयोगबाट सहयोग माग गरेकी थिइन् ।

‘शिक्षा क्षेत्रबाट दलीय राजनीति हटाउने विषयमा त आम सहमति जस्तै भइसकेको छ । अब, कसरी हटाउने भन्ने विषयमा हामीले छलफल गरिरहेका छौँ ।

मन्त्रालयले प्रमाण जुटाउन चाहिने विवरण निर्वाचन आयोगबाट प्राप्त हुने अपेक्षा गरेको छ’, मन्त्री श्रेष्ठले भने ।



छलफलका क्रममा प्रमुख आयुक्त थपलियाले विद्यमान कानुन, विगतमा अदालतबाट भएका फैसला र अन्तर्राष्ट्रिय अभ्याससमेत हेरेर दलमा आवद्ध शिक्षक र कर्मचारीलाई कारबाही गर्न कुनै समस्या नरहेको बताएका थिए । विगतमा निर्वाचन आयोगले निर्णय नै गरेको र कानुन कार्यान्वयन गराउन आयोगको सहयोग रहने प्रमुख आयुक्त थपलियाले विश्वास दिएको मन्त्री श्रेष्ठको सचिवालयले जनाएको छ ।

# नेप्से परिसूचकमा गिरावट

**मधेशदृष्टि**
**वीरगंज ।**
चितोपत बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार पनि ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार, नेप्से परिसूचक १४ दशमलव ८१ अङ्कले ओरालो लागेर एक हजार नौ सय ९१ दशमलव ७१ मा सिमित भएको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव २६ अङ्कले ओरालो लागेर तीन सय ५३ दशमलव ५१ मा सिमित भएको छ । कारोबार भएका कूल १३ वटै उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ ।

नेप्सेका अनुसार कूल ५४ लाख ७१ हजार ६८ कित्ता शेयर दुई अर्ब १० करोड ३० लाख १९ हजार दुई सय १८ रुपैयाँ मूल्यमा कारोबार भएको छ । कारोबारका आधारमा गुर्बाज फाइनान्स शीर्ष स्थानमा छ । सो कम्पनीको १७ करोड ५९ लाख ७८ हजार एक सय ६३ रुपैयाँ बराबरको कारोबार भएको छ । सूर्यज्योति लाइफ इन्स्योरेन्स सात करोड ४३ लाख ५३ हजार पाँच सय ७२ रुपैयाँ, पोखरा फाइनान्स छ करोड ६८ लाख ९८ हजार दुई सय १४ रुपैयाँ, सर्वोत्तम सिमेन्ट चार करोड ५९ लाख ८१ हजार चार सय ३४ रुपैयाँ र शिवम् सिमेन्ट चार करोड ४७ लाख ४३ हजार सात सय सात रुपैयाँ बराबर कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन् ।

एसबिएस ऋणपत्र नौ दशमलव ९९, गोर्खाज फाइनान्स नौ दशमलव ९६, सिभिल बैंकको ऋणपत्र आठ दशमलव १९, ग्रीन डेभलपमेन्ट बैंक पाँच दशमलव शून्य दुई र दिव्यश्वरी हाइड्रोपावरका लगानीकर्ताले चार दशमलव शून्य चार प्रतिशतले कमाएका नेप्सेले जनाएको छ । त्यस्तै, रुरु जलविद्युत् परियोजना १०, पोखरा फाइनान्स छ दशमलव ७४, सिवाइसी नेपाल लघुवित्त छ दशमलव ५०, डोल्टी पावर पाँच दशमलव ६० र जनउत्थान सामुदायिक लघुवित्तका लगानीकर्ताले पाँच दशमलव शून्य छ प्रतिशतले गुमाएका छन् ।

# कार्यान्वयनमुखी बजेट ल्याउन विज्ञहरुको सुझाव



**रासस**
**काठमाडौँ ।**
विज्ञहरुले आगामी आर्थिक वर्षका लागि कार्यान्वयनमुखी बजेट ल्याउन सुझाव दिएका छन् । राष्ट्रियसभाको विकास, आर्थिक मामिला तथा सुशासन समितिको मंगलबार सिंहदरबारमा भएको बैठकमा विज्ञहरुले सामाजिक क्षेत्रको विकास र सामाजिक न्यायमा आधारित भई लैङ्गिक उत्तरदायी बजेट ल्याउनुपर्नेमा जोड दिएका हुन् । आव २०८१÷०८२ को सम्बन्धमा पूर्वबजेट छलफलमा विज्ञहरुको सुझाव लिइएको थियो । उनीहरुले दिगो कृषि विकास, ऊर्जा, पर्यटन क्षेत्रको विकासका साथै वातावरणमैत्री बजेट ल्याउन समितिमार्फत सरकारलाई सुझाव दिएका हुन् ।

अर्थविद् डा गोविन्द नेपालले ठूलो बजेट ल्याउने र कार्यान्वयनमुखी नहुदाँ वित्तीय असन्तुलन बढेको भन्दै कार्यान्वयनमुखी बजेट ल्याइनुपर्ने खाँचो औँल्याए । उनले कृषि आधुनिकीकरण, सूचना प्रविधि, ऊर्जा, पर्यटनलगायतका विषयलाई प्राथमिकतामा राखेर बजेट ल्याउन सुझाव दिए । डा नेपालले सार्वजनिक खर्चको वित्तीय असन्तुलन न्यूनीकरण गर्न सार्वजनिक खर्च पुनरावलोकन आयोगको प्रतिवेदन पूर्णरुपमा कार्यान्वयन गरेर बजेट ल्याइनुपर्ने धारणा राखे । काठमाडौँ विश्वविद्यालयका रजिष्ट्रार प्रा डा अच्युत वाग्लेले नेपालको अर्थतन्त्रको संरचनालाई वातावरणमैत्री बनाउन जरुरी भएको उल्लेख गरे । उनले बजेटमा दिगो कृषिको विकास, दिगो उत्पादन र वातावरणमैत्री विषयलाई प्राथमिकता दिनुपर्ने बताए ।

सामाजिक अभियन्ता एवं विज्ञ भारती सिलवाल गिरीले लैङ्गिक समानता र महिला सशक्तीकरणका मुद्दालाई आगामी बजेटले समेट्नुपर्ने सुझाइन् । 'लैङ्गिकमैत्री बजेट ल्याइनुपर्छ, यसले सामाजिक न्यायसहितको सुशासन प्रवद्र्धन हुने भएकाले सरकारलाई पनि सहयोग पुग्छ' उनले भनिन् । बैठकमा राष्ट्रियसभाका उपाध्यक्ष विमला घिमिरेले विज्ञहरुको राय सुझावले आगामी बजेटलाई समृद्ध बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गरिन् । समितिका सभापति कमलादेवी पन्तले आगामी बजेट महिलामैत्री, वातावरणमैत्री, सुशासनमैत्री तथा सामाजिक न्यायमा आधारित दलित, पिछडिएका, सीमान्तकृत समुदायलाई सम्बोधन गर्ने हुनुपर्ने धारणा राखिन् । समितिका सचिव डा रोजनाथ पाण्डेले विज्ञहरुबाट आएका राय सुझावको मस्यौदालाई समितिले पारित गरेर अर्थमन्त्रालयमा पठाउने जानकारी दिए । बैठकमा सांसद घनश्याम रिजाल, झक्कुप्रसाद सुवेदी, उर्मिला अर्याल, तारामान स्वार, तुलप्रसाद विश्वकर्मा, भुवनबहादुर सुनार, सावित्री मल्ललगायतले विज्ञको सुझाव समितिका लागि महत्वपूर्ण रहेको र यसलाई बजेटमा समावेश गर्न समितिले पहल गर्नुपर्नेमा जोड दिए ।

# एक रुपैयाँ बचतबाट बन्यो आठ करोडको पुँजी



**रासस**
**तनहुँ ।**
सुन्दा पत्यार नलाग्न सक्ला तर एक रुपैयाँ बचतले आठ करोड रुपैयाँको पुँजी सङ्कलन भएको छ । बन्दीपुर गाउँपालिका–४ स्थित बिमलनगर आमा समूहले एक रुपैयाँबाट बचत सुरु गरेको कोषमा हाल आठ करोड रुपैयाँ जम्मा भएको छ । करिब तीन वर्षसम्म समूहले एक, दुई, दश, बीस, पचास रुपैयाँ र एक सय रुपैयाँका दरले क्रमिक रुपमा बचत गर्दै आएको थियो । विसं २०५४ सालमा समूहले सहकारी सञ्चालन गर्ने निर्णय अनुरुप मस्याङ्दी आमा बचत तथा ऋण सहकारी संस्था स्थापना गरेका थिए । आमा समूहले बचत गर्दै आएको पैसाले सहकारी सञ्चालन गरेपछि अहिले संस्थाको पुँजी आठ करोड रुपैयाँभन्दा बढी पुगेको हो । महिलाले सञ्चालनमा ल्याएको उक्त सहकारी गाउँपालिकामै नमुना र अनुकरणीय गर्न योग्य रहेको संस्थाकी लेखा संयोजक बबिता थापाले बताइन् । अहिले सहकारी संस्थामा आठ सयभन्दा बढी शेयर सदस्य छन् । उनले भनिन्, 'सुरुमा एक रुपैयाँ बचत गर्ने महिलाले अहिले मासिक एक हजार पाँच सय रुपैयाँसम्म जम्मा गर्न थालेका छन् ।' सहकारी संस्थामा कार्यरत सबै कर्मचारी महिला छन् भने लेखा समिति, शिक्षा उपसमिति, ऋण उपसमिति, धितो मूल्याङ्कन समिति लगायतमा महिलाले नै नेतृत्व गर्दै आएका छन् । धितो राखेर पन्ध्र लाख रुपैयाँसम्म ऋण दिन सक्ने अवस्थामा सहकारी पुगेको संस्थाकी अध्यक्ष बाम्रा कुमारी मगरले बताइन् ।

सहकारीले कृषि र उच्च शिक्षा पढ्नका लागि शिक्षा धितोमा १२ प्रतिशत र अन्य शीर्षकका कर्जामा १४ प्रतिशत ब्याज निर्धारण गरिएको छ । गाईपालन, तरकारी, धूप तालिम र घरबास सञ्चालन लगायतमा लगानी गर्ने गरिएको सो संस्थाले जनाएको छ । संस्थाको आफ्नै भवन रहेको छ । तत्कालीन समयमा एक लाख ४६ हजार रुपैयाँमा जग्गा खरिद गरी केही नगद खर्च र श्रमदानबाट भवन निर्माण गरिएको लेखा संयोजक थापाले बताइन् ।

वडामा रहेका आमा समूहले सामाजिक क्रियाकलाप विवाह, व्रतबन्धलगायतका कार्यमा सक्रिय हुँदै आएको छ भने वडाभित्र सीमित रहेको सहकारी संस्थालाई पालिका तहसम्म क्षेत्र विस्तार गरिएको छ । आगामी दिनमा सहकारीलाई गण्डकी प्रदेशस्तरमा लैजाने लगायतका योजना बनाइएको अध्यक्ष मगरले जानकारी दिइन् ।

# पूर्वीनाकामा अवैध व्यापारलाई निरुत्साहित गर्न आग्रह



**रासस**
**झापा ।**
प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले पूर्वीनाका काँकरभिट्टाबाट हुने अवैध व्यापारलाई निरुत्साहित गर्न व्यवसायीलाई आग्रह गरेका छन् ।

मेचीनगर नगरपालिकाद्वारा सीमा सुरक्षालगायत समसामयिक विषयमा मंगलबार आयोजना गरेको सर्वपक्षीय छलफल कार्यक्रमलाई सम्बोधन गर्दै उनले खुला सिमानाको फाइदा उठाएर अवैध व्यापार नगर्न आग्रह हुन् । उनले अवैध व्यापारको बढोत्तरीका कारण राज्यले राजस्व गुमाइरहेको विषयमा चिन्ता प्रकट गरे ।

उनले नेपालमा उत्पादित कृषिजन्य सामग्रीको बजारीकरणको लागि उद्योग वाणिज्य सङ्घ, अन्य सङ्घसंस्था र जनप्रतिनिधिले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने बताए । उनले कोभिड महामारीपछि पूर्वी नाकाबाट ठप्प भएको तेस्रो देशको पर्यटक आवागमन खुलाउन नेपाल सरकारसमक्ष अनुरोध गर्ने बताए । 'मन्त्री फेरबदल भइरहे पनि नेपालको तर्फबाट पर्यटन आगमनलाई सहज बनाउन भारत सरकारसँग कुराको उठान भइरहेको छ', उनले भने, 'तर भारतीय तर्फबाट सन्तोषजक जवाफ आएको छैन । कूटनीतिक ढङ्गले समस्या समाधान गर्न सरकार लागेको छ ।' कार्यक्रममा मेचीनगर नगरपालिकाका प्रमुख गोपालचन्द्र बुढाथोकीले पूर्वी नाका काँकरभिट्टा हुने कारोबार, पर्यटकलाई सहज नेपाल प्रवेश गराउन गर्नुपर्ने पहल, भन्सारभित्रै अन्तर्राष्ट्रिय मापदण्डको गुणस्तरीय ल्याब, बङ्गलादेशका पर्यटकलाई काँकरभिट्टाबाट एराइभल भिसाको व्यवस्थालगायतका १५ बुँदे माग राखेर ध्यानाकर्षण पत्रसमेत सभामुख घिमिरेलाई बुझाएका छन् ।

कार्यक्रममा मेची भन्सार प्रमुख रामप्रसाद रेग्मीले आसामबाट पूर्वी नाका भएर आउने कोइला विहार हुँदै अन्य नाकाबाट नेपाल प्रवेश हुँदा यहाँको राजस्व घटेको बताए । उनले बङ्गलादेशसँगको व्यापार र पर्यटक आगमन बढाउनका लागि पहल गर्न सभामुखसमक्ष आग्रह गरे । कार्यक्रममा सहकारीकर्मी रामचन्द्र उप्रेती, नगरपालिकाका पूर्वप्रमुख विमल आचार्य, उद्योग वाणिज्य सङ्घका पूर्वकेन्द्रीय सदस्य केशव पाण्डे, कोशी प्रदेशका पूर्वसांसद श्रीप्रसाद मैनाली, सुपारी व्यवसायी नीलकण्ठ तिवारी, मेची उद्योग वाणिज्य सङ्घका महासचिव दिनेश शाक्यलगायतले कोभिडपछि पूर्वी नाकाबाट आउने पर्यटक आगमन रोकिएको, कृषिजन्य वस्तुको निकासीको समस्यालगायतका विषयमा सभामुख घिमिरेको ध्यानाकर्षण गराएका थिए ।

# कास्मिरमा डुङ्गा डुब्दा छ जनाको मृत्यु

**सिन्हा**
**नयाँदिल्ली ।**
कास्मिरमा मङ्गलबार डुङ्गा पल्टिँदा डुङ्गामा सवार चारजना स्कुले बालबालिकासहित कम्तीमा छ जनाको मृत्यु हुनुका साथै अन्य धेरै बेपत्ता भएको अधिकारीहरुले बताएका छन् ।

अधिकारीहरुका अनुसार काश्मिरको ग्रीष्मकालीन राजधानी श्रीनगरको बाहिरी भागमा रहेको झेलम नदीमा २० जनाभन्दा बढी मानिस बोकेको डुङ्गा दुर्घटना ग्रस्त भई पल्टिएको थियो ।

एक प्रहरी अधिकारीका अनुसार आज बिहान गान्दबल क्षेत्रको झेलम नदीमा उक्त डुङ्गा पल्टिँदा नदी पार गर्न प्रयोग गरिएको डोरी अचानक खसेको थियो । दुर्घटनामा परी छ जनाको मृत्यु भएको छ भने अन्य धेरै बेपत्ता भएका छन् । दुर्घटनामा परी बाँच्न सफल भएका केही व्यक्तिहरुको उद्धारपछि अस्पतालमा उपचार भइरहेको छ । दुर्घटनापछि स्थानीयले अधिकारीहरुलाई सूचना गरेपछि बेपत्ताहरुको खोजी गर्न प्रहरी र विपद् प्रतिक्रिया बलका कर्मचारीहरुको उद्धार टोली पठाइएको थियो । केही स्थानीय मिडिया रिपोर्टहरुले बेपत्ता हुनेहरुको संख्या १० जना भन्दा माथि रहेको जनाएका छन् । पछिल्ला केही दिनदेखि यस क्षेत्रमा परेको भारी वर्षाले गर्दा नदीको जलस्तर बढेको छ ।

# इरानद्वारा आणविक केन्द्र बन्द

**एएफपी**
**संयुक्त राष्ट्रसंघ ।**
इरानले सप्ताहन्तमा इजराइलमाथि ठूलो मात्रामा ड्रोन र मिसाइल हमला गरेपछि 'सुरक्षाका कारण' आफ्नो आणविक केन्द्रहरु अस्थायीरुपमा बन्द गरेको संयुक्त राष्ट्रसङ्घको आणविक निगरानी संस्थाका प्रमुखले सोमबार बताएका छन् । राष्ट्रसङ्घीय सुरक्षा परिषद्को बैठकका क्रममा पत्रकारहरुहरुले अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आइएइए) का प्रमुख राफेल ग्रोसीलाई आक्रमणको प्रतिशोधमा इरानी आणविक केन्द्रहरुमा इजराइली आक्रमणको सम्भावनाप्रति प्रश्न गरेका थिए ।

'हामी सधैं यसको सम्भावनाको बारेमा चिन्तित छौं, म के भन्न सक्छु भने इरानमा आणविक केन्द्रहरुको निरीक्षण गरिरहेका हाम्रा निरीक्षकहरुलाई इरान सरकारले हिजो आइतबार सुरक्षाका कारण सबै आणविक केन्द्र बन्द रहनेछ भनेर जानकारी गराएको छ' उनले भने । उनका अनुसार सोमबार आणविक केन्द्रहरु पुनः खुल्नुपर्ने थियो तर निरीक्षकहरु अर्को दिनसम्म फर्कने छैनन् । 'अत्यधिक संयमता' अपनाउन आग्रह गर्दै उनले भने, 'स्थिति पूर्ण शान्त नभएसम्म मैले निरीक्षकहरुलाई फर्कन नदिने निर्णय गरें ।' दमास्कसमा आफ्नो वाणिज्य दूतावासको भवनमा भएको हवाई आक्रमणको जवाफमा इरानले आइतबार राति इजराइलमाथि तीन सयभन्दा धेरै ड्रोन र मिसाइल प्रहार गरेको थियो ।

दमास्कसमा भएको इजराइली आक्रमणमा इरानका दुई जनरलसहित रिभोल्युसनरी गार्डका सात सदस्य मारिएका थिए । इजराइल र उसका सहयोगीहरुले इरानका अधिकांश हतियारलाई खसाएको थियो र इरानी आक्रमणमा सामान्य क्षति भएको थियो तर सम्भावित इजराइली प्रतिशोधका बारेको चिन्ताहरुले पुनः क्षेत्रीय युद्धको डर उत्पन्न गरेको छ । इजराइलले पहिला पनि यस क्षेत्रमा आणविक स्थलहरु विरुद्ध कारवाही गरिसकेको छ ।

सन् १९८१ मा वासिङ्टनले विरोध गरे पनि इजराइलले सद्दाम हुसेनको इराकमा ओसिरिक आणविक रिएक्टरमा बम हमला गरेको थियो । साथै उसले सन् २०१८ मा ११ वर्षअघि सिरियामा एउटा रिएक्टरविरुद्ध उच्चस्तरको गोप्य हवाई हमला सुरु गरेको स्वीकार गरेको थियो । तेहरानले इजराइलमाथि सन् २०१० मा दुई इरानी आणविक भौतिकविद्को हत्या गरेको र गत वर्ष एउटा अर्को अपहरण गरेको आरोप लगाएको छ । यसका साथै सन् २०१० मा स्टक्सनेट भाइरसको प्रयोगमार्फत परिष्कृत साइबर हमलाका कारण युरेनियम संवर्धनका लागि प्रयोग गरिने इरानी सेन्ट्रिफ्युजमा शृंखलाबद्ध तरिकाले खराबी आएको थियो । तेहरानले यसका लागि इजराइल र संयुक्त राज्य अमेरिकालाई दोष दिएको थियो । इजराइलले इरानमाथि आणविक बम हासिल गर्न चाहेको आरोप लगाएको छ । इरानले उक्त आरोपलाई अस्वीकार गरेको छ ।

# नेपाल र साउदी अरेबियाबीचको खेल आज




**मधेशदृष्टि**
**वीरगंज ।**
ओमानमा जारी एसीसी प्रिमियर कप क्रिकेट प्रतियोगिताअन्तर्गत आज (बुधबार) नेपालले साउदी अरेबियको सामना गर्ने भएको छ । समूह 'ए' अन्तर्गतको नेपाल र साउदी अरेबियाबीचको खेल अल अमेरातमा नेपाली समयअनुसार बिहान ११:४५ बजेबाट सुरु हुने तालिका रहेको छ । यस समूहअन्तर्गत नेपालले खेलेका अघिल्ला तीनवटै खेलमा जित हात पार्दै समूह विजेताको रुपमा सेमिफाइनलमा प्रवेश गरिसकेको छ ।

नेपालले पहिलो खेलमा मलेसियालाई ५ विकेटले पराजित गर्दा दोस्रो खेलमा कतारलाई ३२ रनले निराश तुल्याएको थियो ।

त्यसैगरी तेस्रो खेलमा नेपालले हङकङलाई ८ विकेटले पाखा लगाएको थियो । नेपाल समूह ए मा ३ खेलमा ६ अंकका साथ शीर्ष स्थानमा छ । कतार ४ खेलमा २ मा जित र २ मा हारसहित ४ अंकका साथ दोस्रो स्थानमा छ । साउदी ३ खेलमा १ मा जित र २ मा हारसहित २ अंकका साथ तेस्रो स्थानमा छ । मलेसिया र हङकङ पनि समान ३ खेलमा १ मा जित र २ मा हारसहित चौथो र पुछारमा छन् ।

# पर्यटनले जगाएको आशा



सिबी अधिकारी
काठमाडौं ।

कोरोना महामारीका कारण थलिएको नेपालको पर्यटन क्षेत्र वर्ष २०८० मा सुधारोन्मुख रह्यो । पर्यटक आगमनमा उल्लेख्य सुधार देखियो भने पर्यटकीय गन्तव्यमा पनि चहलपहल बढ्यो । आन्तरिक र बाह्य पर्यटक बढेपछि होटलहरुको 'अकुपेन्सी'मा उल्लेख्य सुधार देखियो । त्यति मात्रै होइन, पर्यटन क्षेत्रमा लगानी पनि बढ्यो । कोरोना महामारीका कारण घरभित्र सीमित व्यक्तिहरु गत वर्ष आन्तरिक र बाह्य पर्यटनमा रमाए । नयाँ वर्ष २०८१ मा पर्यटकीय गन्तव्यमा देखिएको अत्यधिक चहलपहलले यसको पुष्टि पनि गर्यो । पर्यटकीय गतिविधि मात्रै होइन यस क्षेत्रमा लगानी पनि बढेको छ । होटल सङ्घ नेपालका अध्यक्ष विनायक शाहले समग्रमा वर्ष २०८० पर्यटनका लागि उत्साहजनक रहेको बताए । उनले भने, 'समग्रमा पर्यटन उत्साहवर्द्धक रह्यो । अहिले होटल 'बुकिङ' पनि सन्तोषजनक छ । विदेशी पर्यटक आगमन कोभिड–१९ पूर्वको अवस्थामा पुगेको छ, यसले पर्यटनमा उत्साह थपिएको छ ।' होटल पूर्वाधारमा ठूलो लगानी भएको तर क्षमताअनुरुप पर्यटक कम रहेकाले होटल पूर्वाधारको क्षमताअनुरुप पूर्णरुपमा उपयोग गर्न नसकिएको अध्यक्ष शाहको भनाइ छ । उनले सडक सञ्जाल, हवाई सम्पर्क सञ्जाल प्रभावकारी बनाउँदै पर्यटन नीतिलाई समयसापेक्ष बनाएर लैजानुपर्ने खाँचो औँल्याए । ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) का अध्यक्ष नीलहरि बास्तोलाले समग्रमा वर्ष २०८० पर्यटनका लागि उत्साहवर्द्धक रहेको बताउँछन् । उनले भने, 'नेपालको पर्यटन पुनरुत्थान भएको अवस्था हो, कोभिडको चपेटाबाट व्यवसायी मुक्त हुँदै गर्दा पर्यटन क्षेत्र थप चलायमान बन्छ भन्ने विश्वास छ ।' गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको प्रभावकारी सञ्चालनसँगै सडक सञ्जाललाई व्यवस्थित बनाउन सकेको खण्डमा आगामी दिनमा नेपालमा पर्यटक बढ्ने अध्यक्ष बास्तोलाको भनाइ छ । नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स् (नाट्टा) का अध्यक्ष रमेश थापा पनि वर्ष २०८० पर्यटकका लागि सुखद भएको बताउँछन् । कोभिडपछि पर्यटन पुरानै लयमा फर्किएकाले आगामी दिन राम्रो हुने विश्वास व्यक्त गरे । अध्यक्ष थापाले अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धनमा नेपाल पर्यटन बोर्डले सक्रियता जनाउन नसके पनि प्रवर्द्धनका कामलाई निजी क्षेत्रका व्यवसायीले निरन्तरता दिएको भन्दै वर्ष २०८१ मा बोर्डको बजारीकरणलाई प्रभावकारी बनाएर बढीभन्दा बढी विदेशी पर्यटक आकर्षण गर्ने कार्यमा सबै सक्रिय ढङ्गले लाग्नुपर्नेमा जोड दिए । पछिल्लो समय नेपालको पर्यटन क्षेत्र चलायमान बनाउन र पर्यटकको बसाइ लम्ब्याउनका लागि केबुलकार माध्यम बन्यो केबुलकारमा लगानी पनि बढेको छ । पछिल्लो समय देशका विभिन्न स्थानमा केबलकार निर्माण सुरु भएको छ । पूर्वमा पाथीभरादेखि कर्णाली नदीमा केबुलकार निर्माणको प्रक्रिया अघि बढेको छ ।

त्यसैगरी, जल पर्यटन प्रवर्द्धनका लागि विभिन्न नदी र तालमा मोटरबोटको प्रयोग बढेको छ । जलाशय र नदीहरु पर्यटनका लागि विभिन्न स्थानमा पछिल्लो समय मोटरबोटको प्रयोग बढेको पाइन्छ । नारायणी नदीदेखि भरत ताल र विभिन्न जलाशयमा मोटरबोटले पर्यटक तानिरहेका छन् । त्यति मात्रै होइन, एड्भेन्चर पर्यटनका लागि पनि वर्ष २०८० सुखद रह्यो । पोखरामा एड्भेन्चर पर्यटनका लागि पूर्वाधार निर्माण हुने क्रम जारी रह्यो । बञ्जी जम्पदेखि स्विङले पर्यटकको ध्यान खिचेको पाइयो । पर्यटकीय गतिविधि बढेसँगै परम्परागत सांस्कृतिक लोक नृत्यको संरक्षण, संवर्द्धन र प्रवर्द्धन पनि बढेको छ । त्यस्ता मौलिक नृत्यको संरक्षण मात्रै नभई यसैबाट आयआर्जन गर्न सकिने माध्यम पर्यटन बनेको छ । नेपाल राष्ट्र बैङ्कका अनुसार चालु आर्थिक वर्षको फागुनसम्म ट्रेकिङ, माउन्टेनियरिङ, रिसोर्ट, ग्याम्पिङ क्याम्पिङमा २४ अर्ब ७८ करोड ६० लाख ६० हजार रुपैयाँ कर्जा प्रवाह भएको छ । जुन गत आवको सोही अवधिको तुलनामा एक दशमलव छ प्रतिशतले बढी हो । साथै होटल क्षेत्रमा पनि लगानी सोही अवधिमा सात दशमलव चार प्रतिशतले बढेर कर्जा एक खर्ब ८७ अर्ब ८१ करोड ३० लाख २० हजार रुपैयाँ पुगेको छ । पर्यटकीय गन्तव्यको प्रचारप्रसार, स्थानीय तहबाटै पर्यटक प्रवर्द्धन र घुम्न जाने चलन बढ्दा आन्तरिक पर्यटकको पनि गत वर्ष पर्यटन क्षेत्रको विकासमा उल्लेख्य योगदान रह्यो । त्यसमाथि संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसको नेपाल भ्रमणले नेपालको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्यो । महासचिव एन्टोनियो गुटेरेस नेपालको चारदिने औपचारिक भ्रमणका लागि गत कात्तिक १२ गते काठमाडौं आएका थिए । उनले महत्वपूर्ण पर्यटकीय क्षेत्र सगरमाथा क्षेत्र, अन्नपूर्ण आधार शिविर, गौतमबुद्धको जन्मस्थल लुम्बिनी र पर्यटकीय नगरी पोखरा तथा ऐतिहासिक एवम् पुरातात्विक महत्वको सम्पदास्थल पाटन दरबार क्षेत्रको अवलोकन गरे । संयुक्त राष्ट्रसङ्घका महासचिव 'कहाँ जानुहुन्छ ?' भन्ने विषय संसारभरका सञ्चारमाध्यमका लागि 'बिग न्युज' हुन्छ । त्यसैले महासचिव गुटेरेसको नेपाल भ्रमण ऐतिहासिक हुनाका साथै पर्यटकीय विकासका दृष्टिले फलदायी भएको व्यवसायीको विश्वास छ । विसं २०७९ को बुद्ध जयन्तीका दिन भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको भ्रमणले लुम्बिनीमा भारतीय पर्यटक बढाएको छ । २०७५ सालमा भारतीय प्रधानमन्त्रीका रुपमा मोदीको जनकपुर र मुक्तिनाथको दर्शनयता ती क्षेत्रमा भारतीय पर्यटक बढेका थिए । काठमाडौँमै पशुपतिनाथ मन्दिरमा आउने भारतीयको संख्या पनि पछिल्लो समय उल्लेख्य मात्रामा बढेको पाइन्छ ।विश्वका सेलिब्रेटी मानिने व्यक्तित्वको भ्रमणले क्षेत्रको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने गरेको छ । त्यसैले यस वर्ष संयुक्त राष्ट्रसङ्घका महासचिव गुटेरेसलगायत विशिष्ट व्यक्तिको नेपाल भ्रमण र यहाँ भएका पर्यटनसँग सम्बन्धित विभिन्न ठूला इभेन्टले नेपाललाई विश्व पर्यटन बजारमा प्रवर्द्धन गर्न मद्दत पुगेको छ ।

## गुटेरेसको भ्रमणले सहयोग

होटल सङ्घ नेपालका (हान) का अध्यक्ष विनायक शाह महासचिव गुटेरेसको नेपाल भ्रमणले यहाँको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेलेको बताउँछन् । 'संयुक्त राष्ट्रसङ्घका महासचिव कहाँ जानुहुन्छ, के गर्नुहुन्छ र के बोल्नुहुन्छ भन्ने विषय संसारका मिडियाका लागि चासो हुन्छ र बिग न्युज बन्छ', उनले भने, 'विश्व प्रसिद्ध सर्वोच्च शिखर सगरमाथालगायत पर्यटकीय गन्तव्यको भ्रमणले विश्वभर नेपालको प्रवर्द्धन हुन्छ जसले नेपालप्रति विश्व समुदायको चासो बढ्छ ।' महासचिव गुटेरेसको भ्रमण राजनीतिक र आर्थिक रुपमा मात्रै नभई पर्यटन प्रवर्द्धनका दृष्टिले समेत महत्वपूर्ण भएको उनको विश्वास छ । नेपाल पर्यटन बोर्डका निर्देशक मणिराज लामिछाने पनि नेपालको पर्यटनका लागि महासचिव गुटेरेसको भ्रमण ऐतिहासिक उपलब्धि भएको र यसले पर्यटन थप चलायमान भएको स्वीकार्नुहुन्छ । उनले भने, 'महासचिव गुटेरेसको महत्वपूर्ण गन्तव्यको भ्रमणले नेपालको पर्यटनको विश्वभर प्रवर्द्धन भएको छ । महासचिवले गर्ने 'ट्राभल' संसारभरका सञ्चारमाध्यममा समाचार बन्छ, त्यसैले उनको भ्रमणबाट ठूलो प्रचारप्रसार भएको छ ।' गुटेरेसले खुम्बु क्षेत्रको भ्रमणका साथै 'एभरेष्ट भ्यु' होटलमा 'लञ्च' गर्नुले विश्वभरका 'हाई इन्ड टुरिस्ट'लाई आकर्षण गर्ने पर्यटन बोर्डको विश्वास छ । महासचिव गुटेरेसको भ्रमणले पर्यटक बढाउन मद्दत पुग्नेमा नेपाल पर्वतारोहण सङ्घका महासचिव मोहन लम्सालले विश्वास व्यक्त गरे । साहसिक पर्यटनको आकर्षक गन्तव्य रहेको नेपालको पर्वतीय पर्यटन, धार्मिक एवम् सांस्कृतिक पर्यटन प्रवर्द्धनमा गुटेरेसको भ्रमणले विशेष अर्थ राख्ने उनले बताए ।

कोभिड–१९ (कोरोना भाइरस) महामारीले झन्डै तीन वर्ष खुम्चिएको विदेशी पर्यटक आगमन पूर्ववत् लयमा फर्किएको छ । समग्रमा वर्ष २०८० लाई पर्यटनका लागि उपलब्धिको वर्षका रुपमा लिन सकिन्छ । विदेशी पर्यटक बढेका छन् । हवाई पूर्वाधार तथा होटल पूर्वाधार विकासले फड्को मारेको छ । पर्वतारोहण र पदयात्रामा उत्साह छ । आन्तरिक र साहसिक गन्तव्य पर्यटकले भरिभराउछन् । नागरिक उड्डयन सुधारका लागि सकारात्मक पहल देखिएको छ ।

## पाँचतारे होटलको संख्या २२ पुग्यो

नेपालमा पाँचतारे होटल थपिएका छन् । अन्तर्राष्ट्रिय चेन होटल धमाधम निर्माण भइरहेका छन्भने केही सञ्चालनमा आइसकेका छन् । शेराटन, हिल्टनलगायत आधादर्जन होटल पाइपलाइनमा छन् । पर्यटन विभागका अनुसार चालु आर्थिक वर्ष २०८०÷८१ मा बुटिक लग्जरी पाँचतारेसहित थप चारवटा पाँचतारे होटल थपिएका छन् । योसँगै नेपालमा एक पाँचतारे डिलक्स होटलसहित पाँचतारे होटलको संख्या २२ पुगेको छ । यसैगरी, चारतारे स्तरका ३४ होटल छन् ।

होटल सङ्घका अनुसार नेपालमा ३५ लाख पर्यटक धान्ने होटल पूर्वाधार छन् । सङ्घका अध्यक्ष विनायक शाहले देशभर दैनिक १० हजारभन्दा बढी पाहुना धान्ने शय्या उपलब्ध छन् । सङ्घमा आबद्ध देशभर पाँच हजार हाराहारी सदस्य होटल छन् । अध्यक्ष शाहका अनुसार अबको दुई वर्षभित्रमा थप १८ देखि २० वटा स्तरीय तारे होटल सञ्चालनमा आउनेछन् ।

### पर्यटकीय राजधानी पोखरा

पर्यटकीय नगरी पोखरालाई गत चैत ४ गते देशको पर्यटकीय राजधानी घोषणा गरिएको छ । गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका र पोखरासँग जोडिएका स्थानीय सरकार तथा सङ्घसंस्थाको पहलमा पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिएको हो ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले विशेष समारोहबीच पोखरालाई पर्यटकीय राजधानी घोषण गरेका थिए ।

### पर्यटनमा भएका काम

वर्षदिनमा पर्यटन क्षेत्रमा नीतिगत र संरचनागत सुधारका लागि सकारात्मक प्रयास भएका छन् । राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को संरचनागत सुधारका लागि काम थालिएको छ । निगमलाई व्यवस्थापन करारमा लगेर सेवालाई चुस्त र प्रभावकारी बनाउने योजनाका साथ निगमले काम अगाडि बढाएको छ । आन्तरिक उडानमा तीन जहाज थप्ने र अन्तर्राष्ट्रिय उडानमा लिज प्रक्रियामा न्यारोबडी जहाज भित्र्याउने निगमले अन्तिम तयारी गरेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणलाई सक्रिय बनाई युरोपेली सङ्घ (इयू) ले नेपालको हवाई उडानमाथि लगाएको प्रतिबन्ध हटाउन विभिन्न प्रयास भइरहेको छ ।

इयूको अडिट प्रतिवेदनको १२ बुँदे सुझावअनुरुप हवाई सुरक्षा र सेवा सुधारका लागि सबै संयन्त्रले काम गरिरहेको पर्यटन मन्त्रालयले जनाएको छ । क्षेत्रीय हब विमानस्थल स्तरोन्नति र आधुनिक टर्मिनल भवनको काम भइरहेको छ । श्री पशुपतिनाथ हिन्दू विश्वविद्यालय, पर्यटन विश्वविद्यालय र रैथाने विश्वविद्यालयको अध्ययन अघि बढाइएको र पर्यटन विश्वविद्यालयको मस्यौदा तयार भइसकेको छ । लुम्बिनीको तिलौराकोटलाई विश्वसूचीमा सूचीकृत गर्ने अन्तिम तयारी भएको पनि मन्त्रालयले जनाएको छ । सरकारले घोषणा गरेको पर्यटन दशक कार्यान्वयनका लागि कार्यक्रम तय गरिएको पनि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले जानकारी दिएको छ । पर्यटन मन्त्रालयका सचिव डा दीपक काफ्लेका अनुसार पर्यटन दशकका लागि चालु आवको नीति तथा कार्यक्रम र बजेटमा यसलाई थप परिस्कृत र समृद्ध बनाइने छ । यस्तै, पर्यटन ऐन, संस्कृति ऐनलगायत नीतिगत सुधारका काम प्राथमिकताका साथ लैजाने मन्त्रालयले जनाएको छ । नेपाल पर्यटन बोर्डलाई चाँडो नेतृत्व प्रदान गरी अन्तर्राष्ट्रिय बजारीकरणको कामलाई प्रभावकारी बनाउने जनाइएको छ ।

## बढे विदेशी पर्यटक



यस वर्षको मार्चमा नेपाल भित्रिने विदेशी पर्यटक २८ दशमलव नौ प्रतिशतले बढेका छन् । नेपाल पर्यटक बोर्डका अनुसार गत वर्षको मार्च महिनाको तुलनामा यस वर्षको मार्चमा नेपाल भित्रिने विदेशी पर्यटकको संख्या २८ हजार सात सय ४१ ले वृद्धि भएको हो । गत वर्षको मार्चमा कूल ९९ हजार चार सय २६ विदेशी पर्यटक नेपाल भित्रिएकामा यस वर्षको सोही अवधिमा एक लाख २८ हजार एक सय ६७ पर्यटक नेपाल आएका छन् । यस वर्षको जनवरीमा ७९ हजार एक सय र फेब्रुअरीमा ९७ हजार चार सय २६ विदेशी पर्यटक नेपाल भित्रिएका थिए ।

सन् २०२३ को पहिलो तीन महिनामा दुई लाख २७ हजार सात सय ५५ जना विदेशी पर्यटक नेपाल भित्रिएकामा सन् २०२४ को पहिलो तीन महिनामा तीन लाख चार हजार छ सय ९३ जना विदेशी पर्यटक नेपाल भित्रिएका छन् । जुन ३३ दशमलव ७८ प्रतिशतले बढी हो । सन् २०२३ मा १० लाख १४ हजार आठ सय ८२ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए । योसँगै सरकारको वर्ष २०२३ मा १० लाख विदेशी पर्यटक भित्र्याउने लक्ष्य पूरा भएको छ । अर्को वर्ष दोब्बर संख्यामा पर्यटक भित्र्याउने सरकारले घोषणा गरिसकेको छ । महामारीपूर्व सन् २०१९ मा ११ लाख ९७ हजार ९१ जना पर्यटक नेपाल आएका थिए तर सन् २०२० मा कोरोना महामारीका कारण विदेशी पर्यटकको संख्या ८१ प्रतिशतले कमी आई दुई लाख ३० हजार ८५ संख्यामा खुम्चियो । त्यसैगरी, २०२१ मा भने एक लाख ५० हजार नौ सय ६२ पर्यटक नेपाल आएका थिए ।

### बढ्यो पर्यटन आय

यो वर्ष भ्रमण आयमा उल्लेख्य सुधार आई नेपाल आउने विदेशी पर्यटकको संख्या बढेसँगै पर्यटनबाट हुने आम्दानी पनि बढेको छ । नेपाल राष्ट्र बैङ्कको प्रतिवेदनअनुसार चालु वर्षको आठ महिनामा भ्रमण आय ५१ अर्ब ३९ करोड रुपैयाँ पुगेको छ जुन अघिल्लो गत आवको सोही अवधिको तुलनामा ४२ दशमलव एक प्रतिशतले बढी हो । साथै विदेशमा घुम्न जाने नेपाली पनि बढेका छन् । केन्द्रीय बैङ्कका अनुसार सोही अवधिमा भ्रमण व्यय एक खर्ब २२ अर्ब ८१ करोड रुपैयाँ पुगेको छ । जुन अघिल्लो आवको सोही अवधिको तुलनामा ४५ दशमलव सात प्रतिशतले बढी हो । गत आर्थिक वर्षको आठ महिनामा भ्रमण व्यय ८४ अर्ब ३२ करोड रुपैयाँ थियो ।

पर्यटन बोर्डका निर्देशक मणिराज लामिछानेले वर्ष २०८० को चैत मसान्तसम्मको आँकडाअनुसार हवाई मार्ग भएर १० लाखभन्दा बढी विदेशी पर्यटक भित्रिनुले पर्यटन पुरानै लय (सन् २०१९ को पर्यटन आगमन) मा फर्किएको बताए । विसं २०७९ मा साढे सात लाख पर्यटक आएकामा विसं २०८० मा १० लाख पर्यटक नाघेकाले तुलनात्मक रुपमा २५ प्रतिशतले पर्यटक बढोत्तरी भएको बोर्डले जनाएको छ ।

गत वर्ष हवाई मार्ग भएर नेपाल आउने भारतीय पर्यटकको संख्या करिब ३५ प्रतिशतले वृद्धि भएको छ । यस्तै, बङ्गलादेशबाट नेपाल आउने पर्यटकको वृद्धिदर करिब ४० प्रतिशत छ । अमेरिकाबाट आउने पर्यटक पनि बढेको छ । त्यसैगरी, चिनियाँ पर्यटक आगमन संख्या पनि उल्लेख्य वृद्धि भएको छ ।

## व्यवसायी भन्छन्, 'पर्यटन उत्साहवर्द्धक'

वसन्त ऋतुको यो याममा पर्वतारोहण र पदयात्राका लागि उल्लेख्य संख्यामा विदेशी आएका छन् । पर्यटन विभागको पछिल्लो विवरणअनुसार वसन्त ऋतुमा सर्वोच्च शिखर सगरमाथासहित विभिन्न १९ हिमाल आरोहणका लागि ५५ आरोही समूहका एक सय १६ महिला र तीन सय ९६ पुरुष गरी कूल पाँच सय १२ जनाले आरोहण अनुमति लिएका छन् । सगरमाथा हिमालमा मात्रै १८ आरोही समूहका ३९ महिलासहित दुईसय नौजनाले अनुमति पाएका छन् । हिमाल आरोहणको अनुमतिबापत हालसम्म ३४ करोड ४३ लाख ९९ हजार ६ सय ५६ रुपैयाँ रोयल्टी सङ्कलन भएको छ । वैशाख १ गतेदेखि देशको प्रमुख पर्यटकीय क्षेत्र ठमेल र दरबारमार्ग चौबिसै घण्टा खुलाइएकाले पर्यटन क्षेत्र थप चलायमान बन्ने व्यवसायीको बुझाइ छ । नयाँ वर्ष २०८१ को पहिलो दिनबाट ठमेल र दरबारमार्ग क्षेत्रमा पूर्णकालीन व्यवसाय सञ्चालनको घोषणा गरिएको छ । ठमेल पर्यटन विकास परिषद्का अध्यक्ष भविश्वर शर्माले ठमेल र दरबारमार्ग क्षेत्र चौबिसै घण्टा खुलेसँगै पर्यटन क्षेत्रमा नयाँ आयाम थपिएको विश्वास व्यक्त गरे । मुख्य पर्यटकीय गन्तव्य काठमाडौंको ठमेल, कास्कीको पोखरा, चितवनको सौराहा, कपिलवस्तुको लुम्बिनीमा पर्यटकको चाप छ । व्यापार–व्यवसाय पनि फस्टाएको छ । राजधानीको ठमेलमा पर्यटकको चहलपहल बढेको छ । यसले पर्यटन क्षेत्रमा सकारात्मक उत्साह पैदा गरेको व्यवसायीको बुझाइ छ ।

# रामनवमी महामहोत्सव

# की जय







मर्यादा पुरुषोत्तम भगवान श्री रामजीको उपदेशलाई हृदयांगमन गर्दै सबै प्राणीको कल्याण होस् भन्ने कामनालाई आत्मसात् गर्दै, धार्मिक सहिष्णुता कायम राखी आपसी भाइचाराको बाटो अपनाई नेपाललाई विकासको बाटोतर्फ डोऱ्याउने कार्यका लागि हामी सबै नेपाली एक होऔं र नयाँ नेपाल निर्माणका लागि असुरी प्रवृत्तिको सर्वनाश गरी रामराज्य स्थापनाका लागि रामनवमी महामहोत्सवको अवसरमा संकल्प लिएर अगाडि बढौं ।

- जय सियाराम !

# राघवेन्द्र साह

अध्यक्ष- श्री गोविन्द सेवा समिति, जनकपुरधाम-२३
वडाध्यक्ष- जनकपुरधाम उ.म.न.पा. वडा नं.-२३
अध्यक्ष- जय गोविन्द बचत तथा ऋण सहकारी संस्था लि., जनकपुरधाम-२३
अध्यक्ष- रवीन्द्र साह स्मृति प्रतिष्ठान, रवीन्द्रनगर जनकपुरधाम-२३
अध्यक्ष- बिन्धी स्वास्थ्य चौकी, जनकपुरधाम-२३
अध्यक्ष- रवीन्द्र मेमोरियल शिक्षण अस्पताल, रवीन्द्रनगर, जनकपुरधाम-२३
संयोजक- जनकपुर बौद्धिक समाज, जनकपुरधाम-२३
संयोजक- राजेश्वर नेपाली संचार प्रतिष्ठान, जनकपुरधाम-२३
संचालक- पुष्पबाटीका एकेडमी फाउण्डेशन प्रा.लि., लक्ष्मीनिया गा.पा.-१

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन